# सबै कुरा आन्दोलनको

## आन्दोलन निर्माणले किन गहिरो परिर्वतन सिर्जना गर्छ

crea

श्रीलता बाटलीवाला

प्रस्तुत प्रारम्भिक जानकारी पुस्तिका **क्रिया** (**CREA**) को सामाजिक रूपान्तरणका लागि नारीवादी नेतृत्व श्रृङ्खला २ हो ।

आन्दोलन जहिले पनि शक्ति संरचनालाई चुनौती दिनका लागि गरिन्छ ।

# विषय सूची

## आन्दोलन


परिचय ४

आन्दोलन के हो ? १२

आन्दोलन किन आवश्यक छ ? २०

नारीवादी आन्दोलन के हो ? ३४

आन्दोलन कसरी सुरु हुन्छ ? ५६

आन्दोलन कसरी निर्माण हुन्छ ? ६८

अनलाइन आन्दोलन कसरी फरक छ ? ८८

हामी आन्दोलनको मूल्याङ्कन कसरी गर्छौं ? ९८

# आन्दोलनबारे जानकारी

**असमानता तथा अन्याय निर्मूल गर्ने उत्तम उपाय सबल आन्दोलन हो, उत्पीडनमा परेका जनताले निर्माण गर्ने यस्तो आन्दोलनका कारण शक्ति संरचनामा परिवर्तन आउँछ ।**

*शक्ति*[1] नामको प्रारम्भिक जानकारी पुस्तिकामा हामीले आर्थिक, सामाजिक, लैङ्गिक, जातिगत, धार्मिक, राष्ट्रियता, यौनिकता तथा क्षमतालगायत सबै प्रकारका शक्ति संरचनाले हाम्रो समाजलाई कसरी नियन्त्रणमा लिएको छ भनेर अध्ययन गर्‍यौं । हामीले शक्तिका तीन स्वरूपको परीक्षण गर्‍यौं:



## प्रत्यक्ष देखिने शक्ति

जसलाई हामी सबैले देख्छौं र पहिचान गर्छौं, हामीमाथि यसले कसरी शासन गर्छ भन्ने थाहा हुन्छ ।

## लुकेको शक्ति



हामीमध्ये धेरैले प्रष्ट रूपमा देख्न नसक्ने र पर्दापछाडि रहेर भूमिका खेल्ने लुकेको शक्तिलाई सीमित व्यक्ति वा संस्थाले खेलाइरहेका हुन्छन् ।




## अदृश्य शक्ति

जसले हामीमाथि काम गर्छ, हाम्रो सोच्ने तौर–तरिका र के 'स्वाभाविक' र के 'प्राकृतिक' हो भन्नेबारेको हाम्रो विश्वास निर्माणमा भूमिका खेल्छ तर यसबारे हामीलाई जानकारी नै हुँदैन ।



## हामीले शक्तिले तीन चरणमा कार्य गर्ने पनि देख्यौं



### सार्वजनिक ठाउँ

उदाहरणका लागि हाम्रो सरकार, न्यायपालिका, प्रहरी तथा सशस्त्र प्रहरी



### निजी ठाउँ

उदाहरणका लागि परिवार, व्यक्तिगत नाता–सम्बन्ध, वंश, जातीयता तथा जनजाति



### घनिष्ठ सम्बन्धको क्षेत्र

हामीभित्रै अन्तरनिहित र हाम्रो आफ्नै व्यक्तित्व, आत्मविश्वास तथा आत्म–प्रशंसा

[1] एस. बाटलीवाला, 'शक्तिः सामाजिक शक्ति र शक्ति संरचना', नयाँ दिल्ली, क्रिया, मे २०१९, https://reconference.creaworld.org/all-about-power/

**शक्ति पुस्तिका**मा शक्ति संरचना कसरी निर्माण हुन्छ र स्थायित्व प्राप्त गर्दछ भनेर अध्ययन गर्‍यौं । पैसा र भूमिजस्ता भौतिक स्रोत–साधनको वृहत् नियन्त्रणमा मात्र यसको अस्तित्व निहित छैन, बरु सूचना र ज्ञानको नियन्त्रण, मानव स्रोत–साधन (व्यक्तिको शरीर र श्रममाथिको नियन्त्रण) तथा प्रभाव, नियन्त्रण र सामाजिक सञ्जालजस्ता 'अमूर्त स्रोत–साधन' मा पनि यसको प्रभाव छ भनेर थाहा पायौं । हामीमा अन्तरनिहित असमानतालाई स्वाभाविक सावित गर्ने र विभेदलाई बचाइराख्ने काम शक्ति संरचनाले गर्दैआएको हामीलाई थाहा छ, पूर्णतः विभेदमा पारिएका र सीमान्तकृत समुदायसमेत विभेदकै पक्षमा उभिएको हामीले देखेका छौं । हामी सामाजिक अभियन्ता असमानता र अन्यायको जरा बनेर रहेको शक्ति संरचनाको परिवर्तनका लागि प्रयास गरिरहेका छौं ।

**शक्ति पुस्तिका**मा हामीले शक्ति संरचना कसरी परिवर्तन गर्ने भन्ने विषयमा उल्लेख गरेका थिएनौं । सीमान्तकृत व्यक्तिले आफ्नो पूर्ण मानवअधिकार, जीवनको सम्मान, समानता, विभेद तथा हिंसाबाट मुक्तिका लागि कसरी शक्तिको स्थानान्तरण गर्ने ? यसै विषयमा प्रस्तुत पुस्तिका केन्द्रित छ– यसले शक्ति संरचनाको परिवर्तनका लागि किन आन्दोलन अत्यन्त प्रभावकारी विकल्प हो र आन्दोलनको विकास कसरी गर्ने भन्ने विषयमा प्रकाश पार्नेछ ।

इतिहासले हामीलाई असमानता र अन्याय निर्मूल पार्न दबाबमा रहेका व्यक्तिहरूको सबल आन्दोलन सर्वाधिक उपयोगी सिद्ध भएको पाठ सिकाएको छ । जातीय विभेद, विदेशी शक्तिले हाम्रो राष्ट्रमाथि गरेको नियन्त्रण, राजतन्त्र र सैनिक अधिनायकत्व वा दासता र बँधुवा मजदूर विरुद्धको संघर्ष सम्झनुहोस् त– पीडित–प्रभावितहरूले संयुक्त रूपमा आन्दोलनको विगुल नबजाएको भए परिवर्तन सम्भव थियो त ?




आजको सन्दर्भमा यो निकै आवश्यक छ, किनभने आजको दिनमा धेरैभन्दा धेरै गैसस र कार्यकर्ताहरू अभियान निर्माण गर्नुभन्दा बढी 'परियोजना' सञ्चालन गरेर सेवा दिइरहेका छन् । उनीहरू नागरिकलाई परिचालन गर्ने, अन्यायपूर्ण पद्धतिका कारण प्रभावित जनताको सामूहिक आवाज र शक्ति निर्माण गर्नेभन्दा 'लाभग्राही' र 'लक्षित समूह'का लागि काम गरिरहेका छन् । थप कुरा के भने, यी परियोजनाहरू हाम्रो नियन्त्रणमा छन्, सेवाग्राही भनिएका जनताको हातमा छैनन्, परियोजनाहरू बाहिरी व्यक्तिको हातमा छन्, यसको नेतृत्व पनि उनीहरूले नै गर्छन्, जसले परिवर्तनका कारण अधिकभन्दा अधिक लाभ पाउँछन् उनीहरूको हातमा केही पनि हुँदैन ! अहिले हामीसँग स्रोत–साधन दिलाउने, गरिबीमा रहेका जनताका लागि कानुनी सहायता दिने धेरै परियोजनाहरू छन्, बेरोजगारी, असुरक्षित जीविकोपार्जन तथा कमजोर आय भएका व्यक्तिलाई सघाउने काम पनि उनीहरूले गरिरहेका छन् । यी परियोजनाहरू रहेतापनि शिक्षा, स्वास्थ्य, खानेपानी, ढलनिकास आदिमा सामाजिक बहिष्करणमा परेका तथा पेशा, क्षेत्र, लैङ्गिकता वा योग्यताका कारण लाञ्छित बन्ने व्यक्तिहरूको पहुँच हुन सकिरहेको छैन ।



यी सबै गम्भीर मुद्दा तथा समस्या हुन् र यसको सामना गरिनुपर्छ भन्ने कुरामा सहमति देखिए तापनि **अन्यायका सूचकहरू**मा मात्र काम भइरहेको हुन्छ, दुर्व्यवहारमा परेका वा बलात्कारका पीडित, निरक्षर वयष्क, बालिकाको मृत्युदर वा कुपोषण, प्रतिव्यक्ति न्यून आयस्तर, खानेपानी वा शौचालय सुविधामा पहुँच नभएका जस्ता विषयमा उनीहरूले काम गरिरहेका छन् जो केबल अन्यायका सूचकहरू हुन् । तर, उनीहरू **समस्याको जरामा पुगिरहेका हुँदैनन्** : सामाजिक मूल्य–मान्यताका कारण पुरुषहरू महिलाविरुद्ध हिंसा गरिरहेका हुन्छन्, गरिबीले सीमान्तकृत समुदायका बालबालिकालाई विद्यालय जानबाट रोकिरहेको हुन्छ, केटाभन्दा केटीहरू कुपोषणको शिकार भइरहेका हुन्छन्, लाखौं व्यक्तिहरू रोजगारीबाट वञ्चित छन् वा जीविकोपार्जन सुरक्षित बनाउने गरी पारिश्रमिक पाइरहेका छैनन्, यस्ता समस्याको गहिराइसम्म पुगेर जरा पत्तालगाउने काम भइरहेको छैन ।

**शक्ति पुस्तिका**मा अन्यायपूर्ण शक्ति संरचनाले कसरी निरन्तरता पाइरहेको छ र त्यसले कसरी आफूलाई सुरक्षित राख्ने सफलता हासिल गरेको छ भन्ने विषयमा प्रकाश पारिएको छ । हरेक दिन असमानतालाई जन्मदिने सामाजिक मूल्य–मान्यता र शक्तिशालीलाई संरक्षण र सीमान्तकृतलाई पक्षपात गर्ने सिद्धान्तको माध्यमद्वारा स्रोत–साधनमाथि असमान नियन्त्रण भैरहेको सन्दर्भ पनि सो पुस्तिकामा उठाइएको छ । **हाम्रा अधिकांश विकास र महिला सशक्तीकरण 'परियोजना'ले शक्तिको गहिराइसम्म पुगेर जरा उखेल्ने काम गरेका छैनन् ।** जब परियोजनामा लगानी सुक्छ तब यसको निरन्तरता पनि समाप्त हुन्छ । परिणामस्वरूप अन्यायका वास्तविक कारणहरूलाई अधिकांशतः छोडिएकै हुन्न र यसका जराहरू जहाँको त्यहीं सक्रिय बनेर रहेका हुन्छन् ।



त्यसैले आन्दोलन र आन्दोलन निर्माण अत्यन्त आवश्यक छ । आन्दोलनले **जहिल्यै पनि शक्ति संरचनालाई चुनौती दिन्छ** । यस पुस्तिकामा आन्दोलनले देहायका सात प्रश्नको जबाफ दिनुका साथै किन र कसरी त्यसमा गहन परिवर्तन ल्याउन सघाउँछ भन्ने व्याख्या गरिएको छः

क) आन्दोलन के हो ?

ख) आन्दोलन किन आवश्यक छ ?

ग) नारीवादी आन्दोलन के हो ?

घ) आन्दोलन कसरी सुरु हुन्छ ?

ङ) आन्दोलन कसरी निर्माण हुन्छ ?

च) अनलाइन आन्दोलन कसरी फरक छ ?

छ) हामी आन्दोलनको मूल्याङ्कन कसरी गर्छौं ?

# १

# आन्दोलन के हो ?



आन्दोलन अन्यायविरुद्ध व्यक्तिहरूको संयुक्त अभियान हो जहाँ आन्दोलनकारीहरूले आफ्नो शक्ति र नेतृत्वलाई एकीकृत गर्दै परिवर्तनका लागि मुद्दाको छनोट गरी त्यसको प्राप्तिका लागि एक निश्चित समयावधिसम्म सामूहिक भूमिका निर्वाह गर्छन् ।

**अन्यायमा परेका व्यक्तिहरूले आफै संगठित भई संयुक्त रूपमा सामूहिक शक्ति र नेतृत्वका साथ चलाएका गतिविधि जसमा परिवर्तनको समान लक्ष्यका लागि साथ–साथ मिलेर अघिबढ्ने र लक्ष्य प्राप्त नभएसम्म निश्चित समय सहकार्य गर्ने काम हुन्छ, यस्तो प्रक्रिया नै आन्दोलन हो ।**

## अन्यायको अनुभव आदान–प्रदान

यसको अर्थ हो आन्दोलनमा **अन्यायको पीडा भोगेका** व्यक्तिहरूको सहकार्य आवश्यक हुन्छ, तिनीहरू आन्दोलनका मुटु नै हुन् । तर तिनीहरू गैससका परियोजना वा कार्यक्रमहरूले भन्ने गरेजस्तो लाभग्राही वा लक्षित समूह होइनन्, न त पीडित वा कल्याण सेवाका सेवाग्राहीहरू नै हुन् । उनीहरू त परिवर्तनका लागि संघर्षलाई अघिबढाउने जनता हुन्, उनीहरूको अवस्थामा परिवर्तन आयो भने उनीहरूलाई नै सर्वाधिक लाभ हुन्छ ।

## संयुक्त शक्ति निर्माण

एक व्यक्ति वा सानो समुदाय वा छरिएको समूहका लागि अवस्थाको परिवर्तन गर्न वा शक्ति संरचनालाई चुनौती दिन धेरै कठिन हुन्छ । परिवर्तनका लागि प्रभावशाली शक्ति निर्माण गर्न **उनीहरूले संयुक्त शक्ति निर्माण गर्नु आवश्यक छ**, यस्तो शक्ति जसलाई बेवास्ता गर्न वा सजिलै दबाउन नसकियोस् ।



व्यक्तिगत वा समुदायको पहलमा परिवर्तनका लागि जब आन्दोलनको पहल हुन्छ, यसलाई संरचनात्मक ढंगले औपचारिक वा अनौपचारिक सांगठनिक स्वरूप प्रदान गर्नु आवश्यक हुन्छ (उदाहरणका लागि सञ्जाल, संघ–संगठन, महासंघ, सदस्यता संकलन, समिति, समूह आदि) । यस संरचनाको एक महत्वपूर्ण अंग भनेको सामुदायिक वा साझा ठाउँ पनि हो जहाँ आन्दोलनमा सहभागी सदस्यहरूले भेला भएर आफ्ना मुद्दा, आफूले भोगेका अन्यायका वास्तविक जरा–कारण, परिवर्तनको मुद्दा, नेतृत्व विकास र **रणनीतिक योजना** आदिका विषयमा छलफल गर्नसक्छन् ।

## विभिन्न स्तरमा नेतृत्व

आन्दोलनकारी आफै संगठित हुन, सामूहिक रूपमा छलफल र आफ्ना मुद्दाहरूको विश्लेषण गर्नुपर्छ, परिवर्तनको मुद्दा निर्माण र उनीहरूमध्येबाटै आन्दोलनले बनाएको नेतृत्वको विकास आवश्यक हुन्छ । **सबल आन्दोलनका लागि नेतृत्वको बहु–चरणमा सबल नेतृत्वको विकास आवश्यक हुन्छ**, खासगरी ठूलो परिमाणमा सदस्यहरू रहेको आन्दोलन होभने सीमित व्यक्तिहरूले मात्र हालीमुहाली नगरुन् भन्ने उद्देश्यले सामूहिक स्वरूपको नेतृत्व आवश्यक हुन्छ । आन्दोलनले सबल आन्तरिक नेतृत्वको विकास गर्छ, बाहिरी नेतृत्वसँग निर्भर रहँदैन, यद्यपि बाहिरी नेताहरूले आन्दोलनको प्रारम्भिक चरणमा भने सहजीकरणको भूमिका निर्वाह गर्नसक्छन् ।

## परिवर्तनका लागि निर्धारित मुद्दा

आन्दोलनले सधैं अन्यायका सम्बन्धमा सामूहिक विश्लेषण गर्दछ। विश्लेषणमा अन्यायको जरा–कारण पहिचान गर्ने, लक्ष्य तथा प्राथमिकता निर्धारण, चाहेको परिवर्तनको प्रष्ट दृष्टिकोण र यसको प्राप्तिका लागि अपनाइने रणनीतिका बारेमा निर्णय लिइन्छ । यसले को आफ्नो सहकर्मी हो, विरोधी को हो, परिवर्तनका लागि लक्षित वर्ग– सरकारी निकाय वा राजनीति, अन्य सामाजिक समूह, निजी संस्था, वा विस्तारित समाज को हो पहिचान गर्दछ। यी सबैलाई संयुक्त रूपमा आन्दोलनको राजनीतिक मुद्दा नामकरण गरिन्छ । यहाँ '**राजनीतिक**' शब्दको प्रयोग गरिएको भएपनि 'राजनीतिक दल' को **मुद्दा** भन्न खोजिएको होइन, न त निर्वाचनको सन्दर्भ हो, **यस शब्दको खास अर्थः शक्ति संरचनाको परिवर्तन हो** । आन्दोलन शक्ति संरचनाको परिवर्तनमा केन्द्रित हुन्छ जसले अन्याय सिर्जना गरेको हुन्छ, वास्तवमा यही अन्यायले नै आन्दोलनका सदस्यहरूलाई संगठित भएर विरोधमा उत्रिन अभिप्रेरित गरिरहेको हुन्छ । एजेण्डाहरू भने स्थिर हुँदैनन्, बदलिंदो समय र परिस्थितिको प्रभाव यसका परेको हुन्छ। आन्दोलनको राजनीतिक मुद्दा जसरी समयले परिवर्तन ल्याउँछ त्यसरी नै यसमा परिवर्तन हुन्छ, हुनुपर्छ, किनभने शक्ति संरचनाले आफूलाई सोहीअनुसार परिवर्तन गरेको हुन्छ, त्यसलाई धराशयी बनाउन आन्दोलनको रणनीति पनि धारिलो हुनु आवश्यक हुन्छ ।

## सामूहिक कार्य

आन्दोलनको यो महत्वपूर्ण स्वरूप हो । आन्दोलनकारीहरूले लक्ष्य प्राप्ति र राजनीतिक मुद्दालाई सबल बनाउनका लागि सामूहिक रूपमा कार्य गर्नु आवश्यक हुन्छ । **हामी प्रायः सोच्नेगर्छौं, आन्दोलनकारीको कार्य भनेको द्वन्द्वात्मक नै हुन्छ**, 'आन्दोलन' मा जुलुस हुन्छ र विरोध प्रदर्शन गरिन्छ । तर, यथार्थमा आन्दोलनमा लक्षित समूहसम्म पुग्नका लागि गरिने अन्य गतिविधि पनि हुन्छन्, जस्तो पैरवी, सामाजिक सञ्जालमा प्रचार, सार्वजनिक चेतनालगायतका अन्य कार्यहरू पनि यसकै अंग हुन्। रोचक सन्दर्भ के पनि भने, कहिलेकाहीं आन्दोलनले आफ्नै समुदायलाई परिवर्तन प्रक्रियामा ढाल्नका लागि पनि कार्यक्रम सञ्चालन गर्दछ । उदाहरणका लागि, धेरै महिलाको आन्दोलनको सुरुवात उनीहरूको आफ्नै परिवारका पुरुष तथा युवकहरूलाई सचेत गराउन वा उनीहरूको लैङ्गिक समानतासम्बन्धी दृष्टिकोणमा परिवर्तन ल्याउने बार्यबाट हुन्छ, यसका लागि सामूहिक रूपमा अभियान चलाइन्छ ।

## निश्चित समयावधिसम्म

## निरन्तर

आन्दोलनले गहिरोसँग जरा गाडेर बसेको अन्यायलाई सम्बोधन गर्नेभएकोले **परिवर्तनका लागि** समय लाग्नु स्वाभाविक हुन्छ, लामो समयसम्म निरन्तर आन्दोलन चलेपछि मात्र निर्धारित लक्ष्य प्राप्त हुनसक्छ । नारी दिवस र उर्लदो सय करोड दिवस मनाउन कुनै अभियानमा खास योजना नै नबनाईकन सडकमा निस्कनेजस्तो कार्यले आन्दोलन सञ्चालन हुँदैन, दीर्घकालीन सोचका साथ सरिक हुनुपर्छ । यद्यपि के सत्य हो भने अप्रत्याशित रूपमा सिर्जना भएको भेला वा प्रदर्शन यदाकदा दीर्घकालीन आन्दोलनमा रूपान्तरित भएका छन् । उदाहरणका लागि नेपालमा राजतन्त्रविरोधी आन्दोलन, भारतमा भएको नर्मदा बचाऊ आन्दोलन वा बंगलादेशमा महिलाविरुद्ध हुने हिंसा निर्मूल गर्ने उद्देश्यले गरिएको प्रदर्शन तेजाब आक्रमण र महिलामाथिको यौनिक हमला विरुद्धको आन्दोलनमा रूपान्तरित भयो । दक्षिण एशियामा सरकारको नीति, महिलाविरुद्धको हिंसा वा विभेदकारी कानुनको विरुद्ध धे रै पटक 'जेल भरौं'[2] वा 'सडक रोकौं'[3] जस्ता अभियानलाई रणनीतिका रूपमा प्रयोग गर्नेगरेको देखिन्छ ।

[2] विरोधको एक स्वरूप जसमा जेल जाने वा पक्राउ पर्ने तत्परताका साथ आन्दोलनमा सहभागी हुनेगरिन्छ ।
[3] विरोधको एक स्वरूप जसमा सडक वा अन्य सार्वजनिक ठाउँमा प्रवेश गर्न रोक लगाएर आन्दोलन गरिन्छ ।



**सामूहिक परिवर्तन प्रक्रियालाई अभियानका रूपमा रूपान्तरित गर्न यी सबै ६ मुख्य विशेषतालाई ध्यान दिनु आवश्यक छ । समान अन्यायको शिकार भएका व्यक्तिहरूको सहकार्यका साथ अघिबढ्ने यस्तो आन्दोलनमा सामूहिक अभ्यास र निश्चित समयावधि सम्मको निरन्तरता विशेषताका रूपमा रहेका हुन्छन् ।**

## त्यो के हो जसले आन्दोलन बनाउँछ !

आन्दोलनको महत्व अन्यायका सूचकहरूमा मात्र सीमित नभई त्यसको जरासम्म पुग्ने व्यक्तिहरूको प्रतिवद्धतामा निर्भर गर्दछ । परिवर्तनको लक्ष्य दीर्घकालीन हुन्छ । परिवर्तन जसलाई चाहिएको छ तिनै सरोकारवाला व्यक्तिहरूले आन्दोलनको नेतृत्व गर्ने र निर्देशन दिने गर्दछन् ।

विश्वमा सामाजिक न्यायका लागि हुने धेरै आन्दोलनका विशेषता लैङ्गिक समानता र महिला अधिकारका लागि हुने आन्दोलनसँग मिल्छन् । यद्यपि नारीवादी आन्दोलनका विशेषता पनि छन् । तर, पहिला आन्दोलनको महत्व के हो बुझौं ।

# २


# आन्दोलन किन आवश्यक छ ?

**अन्यायपूर्ण शक्ति संरचना**बाट निकै प्रभावित व्यक्तिहरू आपसमा संगठित भएर अभियान चलाएपछि त्यसको प्रभाव गहन, विस्तारित र दीर्घकालीन हुन्छ ।

**आन्दोलनको लक्ष्य परिवर्तन हो । सबै प्रकारका सामाजिक परिवर्तन र विकास कार्यमा शक्तिको रूपान्तरण तथा शक्ति संरचनाको परिवर्तन मुटुको रूपमा रहन्छ ।** हामीले *शक्ति* पुस्तिकाबाट शक्तिले दृश्य, अदृश्य र लुप्त किसिमले सार्वजनिक तथा निजी क्षेत्रमा मात्र होइन, हाम्रो सोच र हामीले आफैलाई हेर्ने दृष्टिकोणमा समेत काम गर्छ भनेर थाहा पायौं । हामीले शक्ति पहुँच र विभिन्न प्रकारका स्रोत–साधनमा नियन्त्रण गर्ने मात्र होइन, विचारधाराले शक्ति संरचनालाई बचाउँछ जसले सामाजिक मूल्य–मान्यताको सिर्जना गर्छ, सामाजिक, आर्थिक, राजनीतिक संस्थाहरूको विकास गर्छ र त्यसमा हामी अभ्यस्त हुनथाल्छौं, सबै वस्तु सामान्य लाग्नथाल्छ, हाम्रो दैनिक जीवन र सम्बन्धहरूमा विभेद र आग्रहहरू भोग्दाभोग्दै पनि हामी त्यसकै पक्षमा उभिन्छौं, विभेदकारी विचारधारालाई हामीले आत्मसात् गरिसकेका कारण हामी त्यसमा अस्वाभाविक कुनै पक्ष देख्दैनौं भन्ने पनि बुझ्यौं ।

दक्षिण एशियाली मुलुक तथा अन्य विश्वका कयौं मुलुकमा गरिब महिलाका लागि हजारौं ऋण तथा आय–आर्जन परियोजना सञ्चालनमा छन् । ऋण तथा आय–आर्जन कार्यक्रमका कारण नगद तथा आयमा महिलाको पहुँच बढेको देखाउँने धेरै तथ्यांकहरू उपलब्ध छन् । तर, महिलाको परम्परागत काममा कुनै परिवर्तन आएको छैन, उनीहरू घरको काम र सरसफाइको जिम्मेवारीबाट मुक्त हुनसकेका छैनन्, न त महिलालाई हेर्ने पुरुषको दृष्टिकोणमै परिवर्तन आएको छ, कानुन र नीति पनि नभएको होइन, महिलाको कार्यबोझ पनि अझै बढेको छ, कमजोर स्वास्थ्यका बाबजुद उनीहरू हिंसासमेत सहेर बसेका छन् । यसैगरी, दाइजो माग्ने र यौनिक हिंसा गर्ने कार्यविरुद्ध नीति छ तर कार्यान्वयनमा छैन ।

# अधिकार प्राप्तिका लागि अवरोधहरू पार गर्नैपर्छ



# सुकुको कथा

सुकु सानो शहरमा बस्छिन् । उनी १६ वर्षकी हुँदा उनको विवाह भयो । विवाह भएको केही समयपछि नै उनका श्रीमान् र परिवारले दुर्व्यवहार गर्नथाले । पहिला त उनले उत्पीडनलाई चुपचाप सहिन्, किनभने उनलाई महिलाले सहनुपर्छ भनेर सिकाइएको थियो ।

एक पाको उमेरकी छिमेकी महिला एकदिन बजारमा भेटिइन्, उनलाई सुकुमाथि भइरहेको उत्पीडनको सबै व्यहोरा थाहा थियो । उनले सुकुलाई प्रहरीमा गएर उजुरी दिन सुझाव दिइन् । पाको उमेरकी महिलाले घरेलु हिंसासम्बन्धी कानुनी प्रावधानका बारेमा पनि जानकारी गराइन्, उनका श्रीमान् र परिवारलाई उनीमाथि हातपात गर्ने कुनै अधिकार नरहेको जानकारी पनि गराइन् । यस प्रकारको जानकारीले सुकुमा केही ढाडस पलायो । यसैबीच उनका बाबु उनलाई भेट्न आए, उनले सबै समस्या बेलिबिस्तार लगाइन् । तर, उनका बाबुले छोरीको कुरा अस्वीकार गरे । 'यस्ता कुरा बाहिर ल्याएर तिम्रा श्रीमान्, उनको परिवार, आफैंलाई र हामी माइतीलाई लज्जित बनाउने दुस्साहस नगर्नू' उनले हकारे । हिंसालाई बढाई–चढाई गर्ने र आफ्नो गल्ती लुकाउने काम घातक हुनेछ भनेर उनले छोरीलाई चेतावनी दिए ।

सुकुमाथि दुर्व्यवहार निरन्तर चलिरह्यो । अन्त्यमा उनले आफ्नी तिनै सहयोगी महिलालाई प्रहरीकहाँ उजुरी दिनका लागि सँगै हिंड्न अनुरोध गरिन् ।

गुनासो सुन्न प्रहरी कार्यालयमा महिला प्रहरी नै थिएनन् । उनीहरूले फाँटमा रहेको पुरुष प्रहरीसँगै कुरा गर्नुपर्ने भयो । पुरुष प्रहरीले दुवैलाई घुरेर हेऱ्यो ।

सुकुले घरेलु हिंसाका सम्बन्धमा उजुरी गर्नुछ भनिन् । प्रहरीको प्रतिक्रिया पनि ठ्याक्कै उनका बाबुको जस्तो थियो, 'लाज नभएकी महिला ! आफ्ना श्रीमान्को नाम र उसको परिवारको बद्नामीका लागि प्रहरी कार्यालयसम्म आयौ हैन !'

सुकुकी छिमेकीले चर्को स्वरमा प्रतिवाद गरिन्, 'उजुरी गर्ने हाम्रो अधिकार हो ! घरेलु हिंसाविरुद्ध कानुनी व्यवस्था छ, तपाईंले कानुनतः हामीलाई सघाउनुपर्छ !' तर प्रहरी पछाडि फर्क्यो र अर्कातिर हिंडिदियो ।

साँझ घर फर्केपछि घरकाले किन ढिला भनेर हकारे, श्रीमान् हातपातमै उत्रिए ।

एक वर्षपछि सुकुले श्रीमान्को घर छोडिन् र महिला पुनःस्थापना केन्द्रमा बस्न गइन् । त्यहाँ महिला वकिलले उनको मुद्दा दर्ता गर्न सघाइन्, छिमेकी महिलाले पनि उनको पक्षमा घरेलु हिंसा भएको विषयका प्रमाण जुटाउन मद्दत गरिन् । अन्ततः सुकुले एउटा जागिर पनि पाइन् र आत्मनिर्भर बनेर बस्नथालिन् । वर्षौंसम्म मुद्दा चलिरह्यो, आखिरीमा उनका श्रीमान् र परिवारका सदस्य दोषी देखिए । त्यसपछि उनले सम्बन्ध विच्छेदको निवेदन दिइन्, त्यसपछि भने उनी उत्पीडनको सम्बन्धबाट सदाका लागि मुक्त भइन् ।

सुकु प्रायः अधिकार प्राप्त गर्न उनलाई कति कठिन भयो, हिंसाबाट छुट्कारा पाउन कत्रो संघर्ष गर्नुपऱ्यो भन्ने सम्झिन्छिन् । आखिर किन त ? किनको जबाफ सहज छ– उनको पक्षमा कानुन भएपनि समाज थिएन, सामाजिक दृष्टिकोण, उनको आफ्नै परिवार, प्रहरी र विशाल समाज उनको पक्षमा थिएन । यही सामाजिक दृष्टिकोणका कारण अनेकौं अवरोधहरू सिर्जना भए, हिंसाबाट आफ्नो जीवनलाई मुक्त गर्न र सामान्य अधिकार प्राप्त गर्न उनले ठूलो लगानी गुर्नपऱ्यो ।

यदि तपाईंलाई पनि यस्तो कथा थाहा छ भने, महिलाले आफ्नो अधिकार दावी गर्न खेपेका हण्डरहरूको व्याख्या गर्दै यहाँ उल्लेख गर्नुहोस् । कथामा महिलालाई संरचनाका चारै भागले कसरी प्रभाव पारे, अगाडिको चित्रमा देखिएका चार अवरोध खण्डहरू पार गर्न उनले के गरिन् भन्ने बारेमा प्रकाश पार्नुहोस् ।





प्रस्तुत संरचना कामकाजका क्षेत्रमा लैङ्गिकता (जेण्डर एट वर्क)[4] ले विकास गरेको मोडेलमा आधारित छ, यसले हामीलाई विभिन्न कोणबाट सुकुको अनुभवका साथ आन्दोलनको आवश्यकता पुष्टि गर्दछ ।

## शक्ति संरचना रूपान्तरणका लागि परिवर्तनका प्रमुख ज्ञानक्षेत्र

व्यक्तिगत

आत्मसात् गरिएको अवधारणा, मूल्य-मान्यता, अभ्यास

स्रोत-साधन, अधिकार, हकदाबीमा पहुँच

अनौपचारिक

औपचारिक

सांस्कृतिक/ सामाजिक मूल्य-मान्यता, विश्वास, अभ्यास

कानुन, नीति, स्रोत-साधनको वितरण

पद्धतिगत

यस संरचनाले शक्ति संरचना व्यक्तिगतदेखि सामाजिक। पद्धतिगत स्तरमा तथा औपचारिक र अनौपचारिक दुवै क्षेत्रमा प्रभावमा रहेको देखाउँछ । संरचनाले देखाएका अन्य पक्षमा थप जानकारी हासिल गरौंः

[4] थप जानकारीका लागि हेर्नुहोस https://genderatwork.org/analytical-framework/

व्यक्तिगत

## आत्मसात् गरिएको अवधारणा, मूल्य-मान्यता, अभ्यास

**यस खण्डले व्यक्तिले आफ्ना बारेमा सोच्ने र अनुभव गर्ने विषयमा प्रकाश पार्छ ।** मनोविज्ञानको भाषामा यसलाई 'सचेतना' भनिन्छ । यसभित्र व्यक्तिले आफूलाई केका लागि सक्षम ठान्छ, केमा शक्तिशाली र केमा शक्तिहीन अनुभव गर्छ, उनीहरूले अंगीकार गरेका अवधारणा र विश्वासका प्रकार यसमा समेटिन्छन् । रेखाचित्रको यस खण्डले व्यक्तिगत परिवर्तन नभएसम्म समाजमा परिवर्तन आउँदैन भन्ने देखाउँछ, त्यसैगरी व्यक्तिगत अवधारणा र विश्वासमा नकारात्मक सामाजिक अवधारणा र अभ्यासले प्रभाव पारेको हुन्छ । व्यक्तिगत र सामाजिक परिवर्तन निरपेक्ष हुनसक्तैन– एकातिर परिवर्तन नभएसम्म अर्कातिर परिवर्तन हुँदैन ।

अनौपचारिक

अनौपचारिक

## सांस्कृतिक/ सामाजिक मूल्य-मान्यता, विश्वास, अभ्यास

अन्त्यमा, **सम्भवतः सबैभन्दा महत्वपूर्ण रेखाचित्रको तल्लो बायाँ खण्ड रहेको छ जसमा लैङ्गिक मूल्य-मान्यता र नियमहरू समावेश छन् जो समुदायको स्थानीय स्तरमा दैनिक व्यवहार गरिने विषयले निर्माण गरेका अवधारणा र विश्वास हुन् ।** परिवर्तन गर्न सबैभन्दा गाह्रो पक्ष पनि यही नै हो, लैङ्गिक विभेद, महिलाविरुद्धको हिंसा र अन्यायका अन्य विविध स्वरुपका बीच सामाजिक अवधारणा परिवर्तन गर्न सहज हुँदैन ।

पद्धतिगत



व्यक्तिगत

## स्रोत-साधन, अधिकार, हकदाबीमा पहुँच

**व्यक्तिले पाउने स्रोत-साधन र अधिकारका विषयमा यस खण्डमा चर्चा गरिन्छ ।** के मुलुकको कानुनले लैङ्गिक समानताको सुनिश्चितता गरेको छ ? के महिलालाई आफूले चाहेकै व्यक्तिसँग, चाहेकै बेला विवाह गर्ने, कति बच्चा पाउने, सम्बन्ध विच्छेदका लागि निवेदन दिने वा जागिरका लागि निवेदन दिने अधिकार छ ? महिलालाई ज्यालामा समानता छ ? जाति, धर्म, लैङ्गिक पहिचान, वर्ण आदिसँग निरपेक्ष रहेर उनले शिक्षा लिन, रोजगारी पाउन, मतदान गर्न र निर्वाचनमा उम्मेदवारी दिनसक्छिन् ? यौनिक हिंसाविरुद्ध बलियो कानुन छ ? महिलालाई बैंक ऋण प्राप्ति, भत्ता लिन स्वतन्त्रता छ ?

औपचारिक

औपचारिक

## कानुन, नीति, स्रोत-साधनको वितरण

**यस खण्डमा कतिसम्म औपचारिक नीति तथा कानुन तयार भएका छन् र राष्ट्रिय बजेटले समानताको प्रवर्द्धन गर्छ कि गर्दैन,** मुलुकको नीति व्यक्तिको सामाजिक, आर्थिक तथा राजनीतिक जीवनलाई समानताका लागि प्रवर्द्धन गर्ने खालको छ कि छैन ? बालक र बालिका विद्यालय जाने, प्राविधिक सीप र रोजगारीको अवसरमा पहुँच, ऋण लिन समान पहुँचजस्ता व्यवस्था गरी लैङ्गिक खाडल पुर्ने किसिमले सरकारले पर्याप्त बजेट छुट्याएको छ ?

पद्धतिगत

# आन्दोलनले किन महत्व राख्छ

आन्दोलनको महत्व सुकुको कथाले प्रष्ट पार्छ । घेराबन्दीमा रहेकी उनको कथा र काममा लैङ्गिकता (जेण्डर एट वर्क) संरचनाले शताब्दीयौंदेखि महिला र अन्य सीमान्तकृत व्यक्तिलाई शोषण गर्दैआएको अवस्थालाई दीर्घकालिक र स्थायी रूपमा परिवर्तन गर्नेहो भने शक्ति संरचनामै परिवर्तन ल्याउनुपर्छ भन्ने पाठ सिकाउँछ । शक्ति संरचनामा स्थायी परिवर्तनका लागि कानुन र नीतिमा परिवर्तन गरेर वा साना ऋण प्रदान गर्नेजस्ता संसाधनमा व्यक्तिको पहुँच बढाएर अथवा हिंसा–पीडितलाई कानुनी सहयोग पुऱ्याएर मात्र हुँदैन । हामी जरा कारणमै पुग्नुपर्छः हामीले दैनिक जीवनमा विश्वासका साथ अपनाउँदै आएको व्यवहार, अभ्यास, 'रीतिरिवाज', 'संस्कृति', 'परम्परा' र अधिकांशतः हामी आफैभित्रका आचरण निर्माण गर्ने विभेदकारी विचारधारा र अधीनताका विषयमा सोच्नुपर्छ । हाम्रो परिवार, धार्मिक संस्था, आर्थिक पद्धति, हाम्रा कानुनले विभेदकारी र अन्यायपूर्ण संरचना र संस्थालाई बचाइरहेका छन् त्यसमा परिवर्तन ल्याउनुपर्छ । हामीले हाम्रो आफ्नै र व्यक्तिको अवधारणामा परिवर्तन ल्याएर नयाँ दृष्टिकोण आत्मसात् गर्नु–गराउनुपर्छ ।

यसको अर्थ हो हामीले बायाँ तिरका दुई खण्डमा बढी ध्यान दिनुपर्छ ।

१. **हामीले लैङ्गिक विभेद, वहिस्करण र हिंसालाई स्वाभाविक ठान्ने र प्रमाणीकरण गर्ने सामाजिक मूल्य–मान्यता, विश्वास र अभ्यास बदल्नुपर्छ ।**

२. **हामीले व्यक्तिको अवधारणा परिवर्तन गर्नुपर्छ, जुन किसिमले हामी सोच्छौं, अनुभूत गर्छौं र व्यवहारमा देखाउँछौं, त्यसमा रूपान्तरण हुनुपर्छ । कुनै कुरालाई स्वीकार्य र अस्वीकार्य ठान्ने र कसैमाथि पीडा पुऱ्याउने वा विभेद गर्ने (जस्तो सुकुका बाबु) वा त्यसलाई चुनौती दिने (जस्तो सुकुकी छिमेकी) कार्यमा हाम्रो आफ्नै भूमिका के छ, समीक्षा गर्नुपर्छ ।**



आन्दोलन र आन्दोलन–निर्माणका दृष्टिकोणहरू महत्वपूर्ण छन् । बाहिर रहने परिवर्तन अभियन्ता (जस्तो गैसस वा महिला संगठन) जसले सधैं 'बाहिरिया' व्यक्ति वा संस्थाका रूपमा काम गरिरहेका हुन्छन्, त्यसैले उनीहरूको विचारलाई 'परदेशी' का रूपमा लिने गरिन्छ, उनीहरुलाई 'हाम्रो परम्परा' र 'हाम्रो संस्कृति' विरुद्ध रहेको टिप्पणी गरिन्छ र उनीहरुबाट प्राप्त विचारलाई परिवर्तनको आधार बनाइँदैन र स्थायी स्वरूप पनि प्रदान गरिन्न । तर, जब अन्यायपूर्ण शक्ति र अभ्यासविरुद्ध सामूहिक अभ्यास चलाइन्छ तब त्यसको प्रभाव निकै नै ठूलो, गहन र दीर्घकालिक हुन्छ ।

सुकुको कथालाई महिला जमात (विइमेन्स जमात) को कथासँग तुलना गरौं । पछिल्लो कथामा तपाईं तमिलनाडुका महिलाले आफ्नो विचारधारालाई पुनर्परीक्षण गरेको, पुरुषको शक्ति र उनीहरूलाई प्राथमिकतामा राखेर व्यवहार गर्ने अभ्यासमा सुधार ल्याएको, मुख्य जमातको शक्ति र पक्षपाती सामाजिक मूल्य–मान्यता जसले पीडा पुऱ्याएको थियो त्यसका विरुद्ध उभिएको दृष्टान्त पाउनुहुन्छ । जब उनीहरूले इस्लामिक कानुनलाई नारीवादी दृष्टिकोणले पुनर्व्याख्या गर्ने निर्णय गरे, तब उनीहरूका हरेक कुरामा परिवर्तन आयो ! जस्तो, मी टू आन्दोलन (#MeToo Movement) ले गऱ्यो, जस्तो ढाबाका किशोरीहरूले गरे, जस्तो 'मैले कहिल्यै सोधिनँ' ले गऱ्यो । यी सबै परिवर्तन कुनै एक गैसस वा विकास परियोजनाका कारण भएका होइनन्– ती त सयौं, हजारौं र अझ लाखौं महिला परिचालित भएर चलेको आन्दोलनका कारण सम्भव भएका हुन् । गहिरो जरासम्म पुगेर भएको परिवर्तनका कारण विशाल समाजमा प्रभाव पऱ्यो, आन्दोलनमा सहभागीहरूले आफूलाई विकास परियोजनाले भन्नेगरेजस्तो पीडित वा लाभग्राहीका रूपमा मात्र हेरेनन्, न्याय तथा समानतायुक्त समाज निर्माणका लागि शक्तिशाली सामाजिक कार्यकर्ताका रूपले उनीहरूले आफूलाई परिभाषित गरे ।

विशाल आन्दोलनले ठूलो परिवर्तन ल्याउँछ । उदाहरणका लागि केही परिवर्तित विषयमा सोचौं: के अहिले पनि हामी छोरीहरूलाई विद्यालय पठाउनुहुन्न भन्ने कुरामा विश्वास गर्छौं, उनीहरूलाई थोरै खाना र औषधोपचार भए पुग्छ भनेर विभेद गर्छौं, सानैमा विवाह गरेर पठाउने, यौनिक शोषण गर्ने वा श्रीमान्ले श्रीमती पिट्नु स्वाभाविक भएको ठान्ने, महिलाले बराबरी काम गरेपनि पुरुषले भन्दा न्यून ज्याला पाउने, निर्वाचनमा महिलालाई मतदान गर्न नदिने, राजनीतिक तथा व्यापारिक संस्था तथा अन्य सार्वजनिक निकायमा नेतृत्वमा आउने समान अधिकारबाट वञ्चित गर्ने कार्यलाई स्वाभाविक ठान्छौं ? किन आज हामी यी कार्यहरू गलत हुन् भन्छौं ? जबकि ५० वर्षअघि यी सबै कार्य 'स्वाभाविक' र 'सामान्य' भन्थ्यौं । यस्तो परिवर्तन कसरी आयो ? के यसका लागि हामीले सचेत राजनीतिज्ञ वा सरकारप्रति आभार प्रकट गर्नुपर्ने हो ?

होइन । यी सबै परिवर्तनको श्रेय जान्छ विश्वमा सञ्चालित महिला आन्दोलनलाई, आन्दोलनकारीले संयुक्त रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आवाज उठाएकै कारण यो सम्भव भएको हो । यही आवाजका कारण हाम्रो सामाजिक न्यायको दृष्टिकोण अत्यन्त तीव्र गतिले परिवर्तन भयो । आन्दोलनकारीहरूले बहुल रणनीतिको प्रयोग गर्दै अनेकौं तह र तप्कामा लैङ्गिक विभेदको समाप्तिका लागि आवाज उठाए, उनीहरूको संघर्षको प्रभाव स्रोत–साधनमा पहुँच र महिला अधिकार मात्र थिएन, न त लैङ्गिक समानताका लागि कानुन बन्नुपर्‍यो भन्नेमा मात्र सीमित थियो । महिलाको आन्दोलनले शताब्दीयौं पुरानो सामाजिक मूल्य–मान्यता र परम्परागत सोचलाई चुनौती दियो, महिलाको अधिकार र लैङ्गिक समानताका पक्षमा आमूल परिवर्तनका लागि दबाब सिर्जना गर्‍यो, परिणामस्वरूप आज हामी यस अवस्थामा छौं । महिला भएका नाताले म आन्दोलनलाई धन्यवाद दिन चाहन्छु !

त्यसैले हामी स्मरण गरौं...




**अन्यायबाट अत्यन्त प्रभावित व्यक्तिको संयुक्त अभियानमा सुन्दर संसार निर्माणका लागि दिगो परिवर्तन ल्याउन सञ्चालित, संगठित र परिचालित आन्दोलको ठूलो महत्व छ, यसका लागि चाहेको परिवर्तन ल्याउन उनीहरू सहकार्य गर्छन्, मिलीजुली शक्ति आर्जन गर्छन्, धैर्यताका साथ निरन्तर अघि बढ्छन् ।**

# ३

# नारीवादी आन्दोलन के हो ?

नारीवादी आन्दोलनले शक्ति संरचनाले खासगरी पितृसत्तात्मक शक्तिलगायतका शक्ति संरचनाहरूले कसरी काम गर्छन् भन्ने विषयमा गहिराइसम्म पुगेर ज्ञान प्रदान गर्दछ ।



**नारीवादले अधिकांश निजी तथा घनिष्ठ सम्बन्धका क्षेत्रमा शक्तिले कसरी काम गर्छ भन्ने विषयको जानकारीका लागि द्वार खोलिदिनुका साथै परीक्षण पनि गर्दछ ।**

संसारका विभिन्न क्षेत्रमा महिला तथा बालिकामाथि हुने अन्याय विरुद्ध आन्दोल भैरहेका हुन्छन्– तर, ती सबै नारीवादी आन्दोलन नै हुन् भन्न चाहिं सकिन्न । नारीवादले सामाजिक न्यायका अधिकांश अन्य विचारधारभन्दा बढी गहिराइसम्म पुगेर विशेष किसिमले समाजको विश्लेषण गर्दछ । यहाँ कम्तीमा पाँच कारण छन् जसले **सामाजिक न्यायको कुनै पनि अन्य अवधारणाभन्दा नारीवादी अवधारणा गहन र बढी समावेशी रहेको** प्रमाणित गर्दछन् ।

**१** सामाजिक न्यायसम्बन्धी धेरै विचारधाराले समानताको लक्ष्यलाई समेटेका हुन्छन्, तर घर–घरमा हुने असमानतालाई रोक्ने वा सुधार गर्ने कार्य भएमा सामाजिक न्याय प्राप्त हुन्छ भन्ने सोच राख्दैनन्, अर्थात् **असमानतालाई घरपरिवार प्रवेशमा रोक लगाउँछन्**, यही नै यी विचारधाराको समस्या हो । घरधुरीभन्दा पनि भित्र निजी क्षेत्र र सम्बन्धमा असमानता, हिंसा र विभेदले काम गरिरहेको हुन्छ भन्ने कुरा यी विचारधाराहरूले थाहै पाउँदैनन् । असमानता र विभेदले हाम्रो दिमागमा डेरा जमाएको देख्दैनन् ।

**२** नारीवादले समाजमा **पितृसत्ता र असमानताको गहिराइसम्म पुगेर लैङ्गिकतामा आधारित विभेद**को विश्लेषण गर्दछ । त्यसैले नारीवादले समानताको कानुनी र नीतिगत व्याख्या मात्र पर्याप्त नभएको र सार्वजनिक निकायमा हुने लैङ्गिक विभेदको समाप्तिले मात्र नपुग्ने कुराको दावी गर्दछ ।

३ **नारीवादीहरूले** व्यक्तिको **दैनिक जीवनमा शक्ति**ले अत्यन्त व्यक्तिगत र निजात्मक **ठाउँमा** पनि कसरी काम गर्छ र उनीहरूलाई दैनिक जीवनमा सम्झौता गराउँछ भन्ने विषयको जानकारीका लागि ढोका खोलिदिन्छ । नारीवादले **सार्वजनिक र निजी दुवै ठाउँमा** विवाह तथा परिवारजस्ता निकायमा वंश तथा जातजस्ता सामाजिक समूहभित्र, वर्ण तथा जनजाति समूह र धार्मिक निकायहरूभित्र **पितृसत्तात्मक शक्तिको विश्लेषण** गर्दछ । नारीवादले महिलाहरू पुरुषलाई दिइने प्राथमिकताका लागि सम्मानित हुने प्रचलन र सानैदेखि अभ्यास गर्दैआएको चालचलनका कारण आफ्नै दमनका पक्षमा पनि सहभागी हुन्छन् भन्ने व्याख्या गर्दछ । नारीवादले असमानताका बहुपक्षीय स्वरूपमा पितृसत्तात्मक शक्तिले कसरी भूमिका खेल्छ र कस्ता परिणाम देखिन्छन् भन्ने खुलासा गर्दछ । उत्पादन र प्रजनन कार्य, सार्वजनिक तथा निजी क्षेत्रमा, भुक्तानी दिइने र नदिइने श्रममा लैङ्गिकताको आधारमा भिन्न व्यवहार भइरहेको देखाउँछ ।

४ सबैभन्दा बढी महत्वपूर्ण कुरा, **नारीवादले** शरीर **र हाम्रो** यौनिकता**लाई शक्तिको क्षेत्रका रूपमा पहिचान** गरेको छ, विभेद, आरोप, नियन्त्रण तथा हिंसा शक्तिकै कारण सिर्जना हुन्छन् । सही सामाजिक न्याय हाम्रो शरीरमाथिको नियन्त्रणको असमानताको समाप्ति, आफ्नो यौनिकताका बारेमा बोल्न पाउने अधिकार र हकका लागि आवाज उठाउँदा आक्षेप लाग्ने अवस्थाको अन्त्य नभएसम्म पाउन सकिन्न ।

५ **नारीवादले शक्तिको क्षेत्र र उपकरणका रूपमा** हाम्रो ज्ञान **र** व्यक्तिगत प्रभाव**लाई स्वीकार गर्दछ** । यसले नै दमन र दमनकारी पद्धतिमा सरिक हुने र त्यसको विरोधमा उत्रिने कार्यमा प्रभाव पार्दछ । त्यसैले, नारीवादले 'व्यक्तिगत भनेको राजनीतिक' हो भन्ने नारा स्वीकार गरेको छ, हामी आफै, हाम्रा काम र दृष्टिकोण, दमनकारी शक्तिलाई सबल बनाउने वा यसलाई खारेज गर्ने कार्यमा राजनीतिको हात हुन्छ । नारीवादले परिवर्तन आफैबाट सुरु गरिनुपर्छ, आफूभित्र परिवर्तन आउनुपर्छ, बाहिरी दुनियामा देख्न चाहेको परिवर्तनको प्रविविम्व आफैमा अभिव्यक्त हुनुपर्छ भन्छ ।

६ अन्त्यमा, **नारीवादले** अन्तरसम्बन्ध **अवधारणा लिन्छ र पितृसत्ता एक्लैले मात्र विभेद सिर्जना गरेको होइन** भन्ने मान्यता राख्छ, संसारमा आर्थिक शक्ति, सामाजिक तथा सांस्कृतिक विश्वास र अभ्यास, सामाजिक उच–निचको व्यवहार, जात–जाति प्रथा, यौनिक तथा लैङ्गिक विभेद तथा अन्य शक्ति संरचनाहरूबीच सहकार्य गर्दै असमानताको सिर्जना गर्दछ भन्ने व्याख्या गर्दछ । नारीवादले यसलाई अन्तरसम्बन्धता भन्छ जसलाई अगाडिका पृष्ठमा उदाहरणसहित व्याख्या गरिएको छः

# पितृसत्तात्मक अन्तरसम्बन्ध
## किन दलित महिलाले आन्दोलनमा सहभागी हुने स्वतन्त्रता अधिक पाउँछन्

दक्षिण भारतमा १९९० को दशकको मध्यतिर लैङ्गिक शक्ति सम्बन्धको अध्ययन गरिएको थियो । हिंडडुल गर्ने महिला अधिकारको स्वतन्त्रताको एक पक्ष पनि अध्ययनको विषय थियो, महिला आफूखुसी कहाँ जानसक्छन् भन्ने सवालमा रोचक तथ्य बाहिर आयो । त्यस्तै, अरु महिलाका साथमा वा पारिवारिक पुरुष सदस्यका साथमा उनहरु कहाँ जानसक्छन् भनेर पनि हेरिएको थियो ।

अध्ययनले जब गाउँका दलित महिलाले हिंडडुलको अधिकार अन्य महिलाको तुलनामा अधिक उपयोग गरेको देखायो, त्यसले सबैलाई आश्चर्य चकित पार्‍यो । उनीहरू एक्लै जान नसक्ने थोरै मात्र ठाउँ रहेको देखियो । यसको ठीक विपरीत, माथिल्लो जातका महिलाले भने आफ्नो हिंडडुलको अधिकार नियन्त्रित रहेको बताए, एक्लै चाहेको ठाउँमा जान प्रतिबन्ध रहेको खुलासा गरे, मन्दिरमा जान पनि साथी खोज्नुपर्ने उनीहरूको अवस्थाको व्याख्या गरे । वास्तवमा, मन्दिर मात्र यस्तो ठाउँ देखियो जहाँ दलित महिलालाई जान निषेध थियो, तर उनीहरू महिला भएका कारण त्यस अधिकारबाट वञ्चित भएका थिएनन्, दलित पुरुषलाई पनि मन्दिर जाने अनुमति थिएन ।

यस तथ्यांकलाई विश्लेषण गर्दा, पितृसत्ताले जात-जाति प्रथासँग सहकार्य गर्दै






प्रभाव जमाउँछ– त्यसैले यो सबै महिलाका लागि समान रूपले लागु हुँदैन भन्ने देखियो । आवागमनको स्वतन्त्रताको मूल्य-मान्यता दलित र माथिल्लो जातका महिलाका लागि समान छैन, श्रम गर्नुपर्ने र दमनमा रहेका महिलाको श्रम चाहिने र उनीहरूको शरीरमाथि पनि माथिल्ला जातिका पुरुषले नै शासन गर्नेभएकाले महिला-महिलाबीच पनि जातिका आधारमा भिन्न व्यवस्था बनाइएको छ । माथिल्ला जातका व्यक्तिले दलित जातका महिलालाई हिंडडुलको अधिकार नदिनेहो भने उनीहरूको खेतबारीमा कसले काम गरिदिने, कसले घरको सरसफाइ हेरिदिने र कपडा कसले धोइदिने ?

यसको ठीक विपरीत दमन गर्ने जातका महिलालाई यस प्रकारको स्वतन्त्रताको 'आवश्यकता' पनि पर्दैन । माथिल्ला जातका महिलालाई सावधानीपूर्वक नियन्त्रण गरिन्छ, उनीहरूलाई 'तल्लो' जातका व्यक्तिसँग अन्तरक्रिया गर्न पनि दिइन्न– खासगरी तल्लो जातका पुरुषसँग बोल्न कडा रूपले रोक लगाइन्छ ।

यसबाट अन्तरसम्बन्धले कसरी काम गर्छ भनेर देखाउँछ । कुनै पनि शक्तिले एक्लै काम गर्दैन । हरेक शक्ति संरचनाले एकले अर्कालाई एक-आपसका संरचना सबल बनाउने गरी आफ्नो स्वरूप निर्माण गर्दछन् ।

नारीवादी आन्दोलन निर्माण प्रक्रिया कसरी शक्ति संरचनाले काम गर्छ भन्ने विषयमा आर्जित गहिरो ज्ञानमा आधारित हुन्छ । खासगरी, पितृसत्तात्मक शक्तिका विषयमा गहन जानकारी भएपछि नै नारीवादी आन्दोलन निर्माण गरिन्छ ।





नारीवादी आन्दोलन र आन्दोलन निर्माणका देहायबमोजिम विशेषता रहेका छन्ः

## लैङ्गिकतामा आधारित विश्लेषण र परिवर्तनको मुद्दा

नारीवादी आन्दोलनले लैङ्गिक शक्ति र अन्य अन्तरसम्बन्ध शक्ति संरचनाको विश्लेषण गर्दछ, यसलाई नै समाजका सदस्यहरूले अन्याय र विभेदको जराका रूपमा सामना गरिरहेका हुन्छन् । उनीहरूको परिवर्तनको लक्ष्यले समस्याको गहिरो अन्तरसम्बन्धको बुझाइ प्रतिविम्वित गर्दछ ।

## सबै स्तरमा महिलाको नेतृत्व

कतिपय तथाकथित 'नारीवादी आन्दोलन' पनि देखिन्छन् जसमा न त त्यसका गतिविधिमा महिला सदस्य नै देखिन्छन् न त नेतृत्वमै उनीहरूको भूमिका हुन्छ । त्यस्तै कतिपय लैङ्गिक समानताको आन्दोलन भनिएको हुन्छ तर नेतृत्वदेखि सबैतिर पुरुष नै पुरुष हाबी हुन्छन् । नारीवादी आन्दोलनमा आन्दोलनका विचारक, निर्णायक र रणनीति निर्माता सबै सरोकारवाला महिला हुन्छन्, उनीहरू बाहिरिया व्यक्तिले आयोजना गरेको जुलुसमा सहभागी मात्र हुने कार्यमा सीमित हुँदैनन् ।

## लैङ्गिकतामा आधारित रणनीति

नारीवादी आन्दोलनले अपनाउने रणनीति अरु आन्दोलनको भन्दा फरक र विशेष हुन्छ जो पुरुषको प्रभाव–दबाबमा सञ्चालित आन्दोलनले कहिल्यै त्यस्तो सोच राख्दैन । देहायमा प्रस्तुत दुई कथाले अन्य आन्दोलन र नारीवादी आन्दोलनको फरक देखाउँछन् । महिला आन्दोलन महिलाहरूको आफ्नै बलबुतामा चलेको र उनीहरूकै सिर्जनात्मक विचार बोकेको हुन्छ ।



## घरेलु रक्सी–पसलेहरूलाई जबरजस्ती भोजन खुवाइँदै

१९९० को दशकमा दक्षिण भारतीय राज्य आन्ध्रमा गरिब महिलाले गाउँ–गाउँमा सस्तो घरेलु मदिरा उपलब्ध गराउने सरकारको नीतिको विरोधमा नयाँ तरिका अपनाए, गाउँमा खानेपानी, विद्यालय र स्वास्थ्य सेवा पुऱ्याउन नसक्ने तर रक्सी पुऱ्याउने व्यवस्थाको विरोध गरे । प्रान्तीय सरकारले घरेलु मदिराको विक्रीबाट कर भने ठूलो परिमाणमा उठाएको थियो, तर यसरी उठेको रकम गरिब नागरिक र खासगरी महिलाका लागि खर्च गर्न सकेको थिएन । उता, रक्सी खाएर पुरुषहरू घरेलु हिंसा गरिरहेका थिए । महिलाले रक्सीकै कारण आम्दानीको एक तिहाइ रकम रक्सीमै खर्च हुने पत्ता लगाए । खानाभन्दा रक्सीमा बढी खर्च भएको देखियो । महिलाले भिन्न किसिमको लैङ्गिक रणनीति अख्तियार गर्दै विरोध जनाए । महिलाले आ–आफ्नै घरमा खाना बनाए, आ–आफ्नो झोलामा हालेर रक्सी व्यापारीका घरमा गए । महिलाले व्यापारीहरूलाई बाहिर निस्कन अनुरोध गरे, अनि उनीहरूले पकाएर ल्याएको खाना खान दबाब दिए । जब रक्सी व्यापारीहरूले खाना खान मानेनन् तब महिलाहरू चिच्याए, ‘ किन ? तपाईंहरू हरेक दिन हाम्रो पेटको खाना खोसिरहनुभएको छ ! त्यसैले अब खानुस् ! हाम्रो खाना खाएर हामीलाई झैं कै मार्नुस् ! ’ रक्सी पसलेहरू पसल बन्द गरेर गाउँ छोडेर हिंडे ।



## मैले यो कहिल्यै सोधेको थिइनँ

‘मैले यो कहिल्यै सोधेको थिइनँ’ अभियान भारतको ब्लाङ्क न्वाइज नामको एक संस्थाले तयार पारेर सुरु गरेको थियो, यसलाई विश्वका अनेकौं मुलुकले अपनाए, प्रयोग गरे । आन्दोलनको रणनीति के थियो भने, सडक, बस, ट्रेन, पार्क, बजारआदि सार्वजनिक स्थानमा यौन दुर्व्यवहार वा यौनिक हिंसामा परेका महिलालाई दुर्व्यवहार हुँदाको बेला लगाएका लुगा पठाउन भनियो । यसरी जम्मा भएका लुगा हजारौं व्यक्तिको ओहोरदोहोर हुने व्यस्त सार्वजनिक स्थानमा प्रदर्शनी गरेर राखियो । हजारौं महिलाले पठाएका कपडा अत्यन्त सामान्य थिए, ‘सामाजिक रूपले स्वीकृत’ पहिरन जस्तै सारी, टि–सर्ट, कुर्ताआदि थिए । यस पदर्शनीले व्यस्त बटुवाहरूलाई पनि केही बेर रोकिएर हेर्न बाध्य बनाउँथ्यो । प्रदर्शनीका कपडाले असामान्य पहिरनका कारण महिलाहरू यौन दुर्व्यवहारमा पर्दछन् भन्नेलाई त जबाफ दिन्थ्यो नै साथमा महिलाहरू जस्तोसुकै ठाउँमा पनि हिंसामा परिरहेको प्रमाणित गर्थ्यो, सामाजिक अवस्था देखाउँथ्यो । सबैभन्दा महत्वपूर्ण कुरा, महिलाहरू ‘उत्ताउलो’ पहिरन लगाएर उत्पीडनलाई ‘निम्ता’ दिन्छन् भन्ने समाजमा व्याप्त अवधारणा हटाउन यस प्रदर्शनीले दबाब दियो ।

**यस्तो चरित्र भएको आन्दोलनको कुनै उदाहरण तपाईंसँग छ ?**

निर्दिष्ट अन्यायको गहिरो नारीवादी विश्लेषण, अन्तरसम्बन्धित अवधारणा (विभिन्न शक्ति संरचनाले एकसाथ कसरी काम गर्छन्) नेतृत्वको भूमिका तथा सिर्जनात्मक, लैङ्गिकतामा आधारित रणनीतिमा महिलाहरू सर्वाधिक प्रभावित भएको मुद्दा उठाउँदै गरिएको आन्दोलनको उदाहरण छ कि ?

**आन्दोलनको नाम, यो कहाँ भएको थियो, त्यो किन नारीवादी आन्दोलन थियो भन्ने खुलाएर तपाईंको उदाहरण यहाँ उल्लेख गर्नुहोस्**

# भिन्नता के छ ?

# महिला आन्दोलन तथा नारीवादी आन्दोलन

त्यसो भए महिला आन्दोलन र नारीवादी आन्दोलनमा भिन्नता के छ त ? यस प्रश्नको जबाफ दिनुभन्दा अगाडि, दुवै प्रकारका आन्दोलनमा समानता चाहिं के छ भनेर बुझौं: दुवै नारीवादी र महिला आन्दोलनले महिला तथा किशोरी र आफूलाई महिलाका रूपमा परिचित गराउने सबैले भोग्दैआएको अन्यायका सन्दर्भमा कुरा उठाउँछन् । अन्याय भन्नाले हिंसा र विभेद हो, खाद्यान्न, स्वास्थ्योपचार, शिक्षा, आर्थिक स्रोत–साधन, आय र सम्पत्तिमाथि न्यून पहुँच, कामको अधिक बोझ, आफ्नो यौनिक तथा प्रजनन छनोटमा आफ्नै नियन्त्रणको कमी आदि । दुवै प्रकारका आन्दोलन अन्य सामाजिक अन्यायले महिला र किशोरीमाथि कसरी असर पार्छन् भन्ने कुरामा केन्द्रित हुन्छन् । दुवैले जाति, जनजाति वा धार्मिक विभेद, द्वन्द्वका समयमा महिला तथा किशोरीविरुद्ध हुने यौनिक हिंसा, वातावरण विनाशका कारण परेको असर, पानी तथा खाद्यान्नको अभाव, वा प्राकृतिक विनाशका कारण महिलाले लैङ्गिक भूमिका पूरा गर्दा भोग्नुपरेको समस्याका बारेमा पनि कुरा उठाउँछ ।

नारीवादी आन्दोलन र महिला आन्दोलनबीचको आधारभूत भिन्नता भनेको उनीहरूले गर्ने विश्लेषण र लक्ष्यको फरक हो । नारीवादी आन्दोलनले लैङ्गिक विभेदको जरा कारणलाई सम्बोधन गर्छ भने महिला आन्दोलन अधिकांशतः यसका परिणाम वा लक्षणमा केन्द्रित हुन्छ । यी दुईबीचको भिन्नता बुझ्नका लागि यहाँ एक उदाहरण दिइएको छः

# फरक के छ ?
# महिला आन्दोलन र नारीवादी आन्दोलन






## एक उदाहरण

सम्पूर्ण विश्वमा, खासगरी दक्षिण एशियामा, महिलाविरुद्धको हिंसा तीव्र गतिले वृद्धि भैरहेको हामीले देखेका छौं । व्यक्तिगत तथा सामूहिक रूपमा बढ्दो अन्यायको सामना गर्न विभिन्न चरणमा काम गर्नुपर्ने यथार्थ पनि हामीलाई थाहा छ ।

### पहिलो चरण

पहिलो चरणमा सहयोगका गतिविधि पर्दछन् । हिंसामा परेका महिलालाई औषधोपचारको सहयोग, हिंसामा परेका महिलालाई हिंसा गर्ने व्यक्तिबाट टाढा लाने र सुरक्षित स्थानमा राख्ने (खासगरी निकटतम व्यक्तिबाट हिंसा भएको छ भने), प्रहरीमा उजुरी दिन सघाउने, हिंसा गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने र न्यायालयबाट न्याय दिलाउने कार्यहरू आधारभूत सहयोगभित्र पर्दछन् । **सरोकारवाला महिलाका लागि यो अनिवार्य र महत्वपूर्ण कार्य हो, यद्यपि यस प्रकारको सहयोग गर्दा ठूलो समस्यामा केही प्रभाव पर्नसक्छ** । यी सबै कार्य गरिरहँदा पनि धेरै महिला र किशोरीहरूले निजी र सार्वजनिक दुवै क्षेत्रमा हिंसाका सबै प्रकारहरूको अनुभव सँगाल्न बाध्य हुनुपरेको छ ।

## दोस्रो चरण

दोस्रो चरण संयुक्त हस्तक्षेपको चरण हो । अनेकथरिका समस्याहरूको न्यूनीकरणका लागि एक्लो प्रयास मात्र पर्याप्त हुँदैन । हस्तक्षेप कार्यको विस्तार गर्दै महिलालाई असुरक्षित अनुभूति हुने बस्तुहरू हटाउने वा सुरक्षाको अनुभूति हुने वातावरण तयार पार्ने, सडकका पोलमा बिजुली बत्तीको व्यवस्था गर्ने, प्रहरीको सुरक्षा बढाउने, र छिमेकको घर वा कोठामा घरेलु हिंसा हुँदैगरेको देखियो भने हस्तक्षेपका लागि ढोकाको बेल बजाइदिने वा बेल बजाओ अभियान[5] ले भनेजस्तै अन्य कुनै पनि किसिमले हस्तक्षेप गर्ने कार्य यस चरणमा पर्दछ ।

**जब यी चरणहरू सकारात्मक र सहयोगी हुन्छन् तब प्रतिशोधात्मक टिप्पणीहरू सुरु हुन्छन्, प्रहरीको सुरक्षा बन्द गर्ने** र महिलाको हिंडडुल नियन्त्रण गर्ने वा महिलामाथि हिंसा हुनुमा उनीहरूकै दोष छ किनभने उनीहरूको भड्किलो पहिरन र व्यवहारका कारण उनीहरूमाथि हिंसा भएको हो भन्नेजस्ता टिप्पणी (आई नेभर आस्क फर इट अभियान, पृष्ठ ४५ हेर्नुहोस्) ओइरिने गर्दछ । उदाहरणका लागि, महिलालाई घरै बस्न, किशोरीहरूलाई उनीहरूका अभिभावकले बाहिर ननिस्कन (यस्तो आदेश किशोरहरूलाई प्राप्त हुन्न) र बाहिर जानै परे पुरुषको साथ लागेर मात्र जान भनिन्छ । यी चरणका नकारात्मक र सकारात्मक दुवैथरि परिणाम देखिन्छन्– महिलामाथिको हिंसा घटेको र निरन्तर रूपमा बढेको, महिलामाथि नियन्त्रण बढाइएको र उनीहरूको स्वतन्त्रता तथा अधिकार कटौति भएको, परिवार र पुरुषले महिलाको हिंडडुल गर्ने स्वतन्त्रतामा नियन्त्रण बढाएको र लैङ्गिक समानताको सपनालाई अझ टाढा पुऱ्याइएको हुनसक्छ ।

[5] https://en.wikipedia.org/wiki/Bell_Bajao

[6] हेर्नुहोस् https://wcd.nic.in/act/sexual-harassment-womenworkplacepreventionprohibition-and-redressal-act-2013act-2013

## तेस्रो चरण

महिला विरुद्धको तेस्रो चरणको हस्तक्षेप नीतिगत हुन्छ । सबल कानुन र सजायको व्यवस्था, हिंसा घटाउने नीति तथा महिलाको अधिकतम सुरक्षाको सुनिश्चितताजस्ता विषय यस चरणमा पर्दछन् । बलात्कारसम्बन्धी कानुनी प्रावधानलाई आफूअनुकूल बनाउने पीडकहरूलाई सजाय दिलाएरै छोड्ने र यस्ता मुद्दामा पीडितले नै प्रमाण जुटाएर देखाउनुपर्ने अवस्थामा सुधार, बलात्कारीलाई मृत्युदण्ड दिने कानुनको माग हुँदैआएको, कार्य क्षेत्रमा यौन उत्पीडन गर्ने पीडकविरुद्धको कानुन सबल बनाउने (पोश एक्ट),[6] महिलालाई उत्पीडन गर्ने व्यक्तिको बद्नामीका लागि #मी टूजस्ता अभियान, कारखाना र कार्यालयमा अबेरसम्म काम गर्नेहरूका लागि सुरक्षित आवागमनको व्यवस्थाजस्ता प्रावधानले हिंसा घटाउन कानुनी तथा नीतिगत प्रावधान निर्माणमा ठोस योगदान दिन्छन् ।

पुरुषलाई विशेषाधिकारयुक्त स्थान दिने मान्यताका कारण केही कामकाजी महिला उद्योगहरूमा काम गर्दा जुन प्रकारको जोखिममा हुन्थे, उनीहरूलाई समाजले दोषपूर्ण नजरले हेर्नेगर्थ्यो, त्यसरी हेर्नु सामान्य मानिन्थ्यो, महिलाको अधिकार हनन गरिएको अनुभूति नै गरिन्नथ्यो । तर, आज यस्ता विषयमा आवाज उठ्नेगरेको छ, कानुन पनि बनेका छन् । जसले निजी तथा सार्वजनिक क्षेत्रमा महिलामाथि दुर्व्यवहार गर्छ, ऊ सजायको भागिदार हुन्छ । तर, आज पनि महिलामाथि हिंसा भइ नै रहेको छ । **धेरै महिला आन्दोलनका गतिविधिले हिंसा रोक्ने पहल त गरेका छन्, पहिलो मात्र होइन दोस्रो चरणको हस्तक्षेप पनि भएका छन्, तर पनि हिंसा भने कायम छ ।**

## जरा कारण

नारीवादी अभियन्ता र आन्दोलनले महिलाविरुद्धको हिंसा अन्त्य गर्न दीर्घकालीन रणनीति आवश्यक पर्छ भन्छ । आन्दोलनले गहिराइसम्म पुगेर र मूल जरालाई नै समाएर समस्या समाधान गर्ने रणनीतिका साथ काम गर्छ । **जरामा पितृसत्तात्मक मूल्य–मान्यता र पुरुषत्वको अभ्यासले महिलालाई यौन सन्तुष्टिको साधन, पुरुषको सम्पत्ति** र भोग्य वस्तुका रूपमा चुपचाप बस्ने वा यस्ता परम्परालाई पहिरन, व्यवहार, हिंडडुलको अभ्यासले स्वीकार गर्ने महिलालाई महान बनाउने काम पनि पितृसत्ताले नै गर्दछ ।

महिलाविरुद्धको हिंसामा गहिरो र अत्यन्त प्रभावकारी चरणको हस्तक्षेप अथवा सबल *नारीवादी* हस्तक्षेपका लागि जनचेतना अभिवृद्धि र विभेदका जरा–कारण पहिचान गर्नु आवश्यक हुन्छ । यसका लागि वृहत् समूहको परिचालन र उनीहरूभित्र नै गहिरोसँग जरा गाडेको विभेदकारी चिन्तनमा परिवर्तन, परिवार–परिवारभित्र, साथी–संगीहरूबीच, उनीहरूका गाउँ–गल्ली र छिमेकीको अभ्यासमा रूपान्तरण ल्याउनुपर्छ । *नारीवादी* परिवर्तन रणनीतिले भित्रसम्म जरा गाडेको मूल्य–मान्यता र विश्वासलाई चुनौती दिन्छ, पुरुषत्वको सम्पूर्ण संरचना परिवर्तन गर्दछ, 'वास्तविक पुरुष' को हो, किशोरहरूको स्याहार–सुसारमै महिलाप्रतिको दृष्टिकोणमा सुधार, हरेक घर–विद्यालय–समुदायमा लैङ्गिक समानताको अभ्यास, र नयाँ नमुना पुरुषहरूले महिलालाई होच्याएर वा उनीहरूको शरीर र अधिकारमाथि हिंसा गरेर होइन, समानता र सम्मानको व्यवहार गर्नु आवश्यक हुन्छ ।

नारीवादी आन्दोलन र महिला आन्दोलनबीचको भिन्नताको चुरो 'भाव वा सोच'मा निहित छ । नारीवादी आन्दोलनले जात, वर्ग, धर्म, क्षेत्र, यौनिक पहिचान लगायतका शक्तिसँग मिलेर पितृसत्ताले गर्ने महिला र बालिकाविरुद्धको अन्यायको जरा–कारण पत्ता लगाउँछ । उता, महिला आन्दोलन कि त यस प्रकारको दृष्टिकोणसँग प्रष्ट हुँदैन वा यस प्रकारको विचारलाई सहज रूपमा स्वीकार गर्दैन, अन्तरसम्बन्धित शक्ति संरचनाको असर वा लक्षणहरूमा केन्द्रित हुन्छ ।

समस्याको जरासम्म नपुगीकन दिगो परिवर्तन सम्भव छैन ।

महिलाको **अवस्थामा** सुधार ल्याउने रणनीति (उदाहरणका लागि स्वास्थ्य स्थिति, शिक्षा, आय, रोजगारीको अवसरमा सुधार) अपनाउने तर उनीहरूको **स्तर** (उदाहरणका लागि समान अधिकारका लागि कानुन, हिंसाबाट मुक्ति, सार्वजनिक तथा निजी निर्णयमा समान आवाज र सहभागिता) लाई नछुने होभने लैङ्गिक समानता प्राप्त हुनसक्तैन, किनभने उनीहरू समस्याको जरासम्म पुगेकै हुँदैनन् । दुर्भाग्यवश, धेरै महिला आन्दोलनको नेतृत्व लिनेहरू नारीवादलाई भद्र अवज्ञा गर्छन् वा यसप्रति असहज रहेको देखाउँछन्, पितृसत्तालाई उनीहरू अर्कै किसिमले बुझ्छन्, कतिले 'पुरुष नियन्त्रण' को नाम दिनेगर्दछन् । कतिपय समाजमा नारीवादलाई आक्षेप लगाइने गरेका कारण उनीहरू आफूलाई नारीवादी भन्न रुचाउँदैनन् ।

हामी यहाँ लैङ्गिक विभेदको दृष्टिकोणका बारेमा केही चर्चा गर्दछौं, यससँग मिल्दाजुल्दा अन्य सन्दर्भलाई पनि ल्याएर एक–आपसमा रहेको विभेद छुट्याई परिवर्तनको बाटो पहिचान गर्दछौं । यस विन्दुको बुझाइले हामीलाई जति चरण अघि बढ्यो उति नै अग्रगामी लक्ष्य र गहिरो बुझाइ प्राप्त हुन्छ र सोहीअनुसार काम गर्न सकिन्छ ।

# लैङ्गिक समानता मार्गका चरणहरु

## १

### दान/ कल्याणकारी अवधारणा

‘गरिब केटी’

अन्यायबाट प्रभावित महिला तथा किशोरीलाई सहयोग गर्ने प्रयास गर्दै पहिलो चरणको रणनीति देखापर्छ, तर जरा-कारण के हो बुझिएको हुन्न । सामान्यतः यस चरणमा वैयक्तिक प्रतिक्रिया हावी हुन्छ, प्रभावित व्यक्तिलाई सहयोग दिने काम वैयक्तिक चरणबाट हुन्छ, विधवा या श्रीमान्‌बाट छोडिएका महिला, कुपोषित कालिकाका लागि पोषण कार्यक्रम, वा विवाहित भएर गएको घरबाट हिंसा भोगिरहेका किशोरी तथा महिलाको उद्धार गर्नेजस्ता सहयोगात्मक कार्यहरु यस चरणमा समेटिन्छन् ।

## २

### महिला सशक्तीकरण

‘यो न्यायिक भएन’

दोस्रो चरणमा अलि बढी पद्धतिगत ढंगले हस्तक्षेप गर्ने काम हुन्छ । ठूलो संख्यामा किशोरी तथा महिला जो समान प्रकृतिको समस्या भोगिरहेका हुन्छन्, उनीहरुलाई सामाजिक सशक्तीकरण गर्ने र व्यावहारिक सहयोग दिने काम हुन्छ । व्यापक स्वरुपको विभेदको पहिचान गरी यसको असर भोग्ने महिलालाई एकीकृत गर्दै विभेदविरुद्ध लड्न प्रोत्साहित गरिन्छ ।

## ३

### लैंगिक समानता/ महिला अधिकार

‘महिला तथा पुरुष समान हुनुपर्छ’

तेस्रो चरणमा जरा-कारण पहिचान गर्दै समस्याको मुहानमा रहेको पितृसत्तात्मक सामाजिक पद्धतिलाई चिरफार गर्ने र सबै स्तरमा पुरुषलाई नै प्राथमिकता दिने अभ्यासविरुद्ध आवाज उठाउने काम हुन्छ । यस चरणको हस्तक्षेपमा केवल सेवाको वितरण, महिलाको अधिकारसम्बन्धी मागको पूर्तिका लागि उनीहरुको परिचालन र न्यायको प्राप्तिका कार्य मात्र हुँदैनन्, कानुन र नीति-निर्माणले पुरुषको शक्तिलाई कहाँ कसरी प्राथमिकतामा राखेको छ भनेर विश्लेषण गर्ने काम पनि हुन्छ । सामाजिक विभेदलाई हेर्दा केबल दुई पक्षीय दृष्टिकोण मात्र राख्ने- पुरुष र महिलाले पाएका अधिकार र भोगेका विभेदमा मात्र केन्द्रित हुने तर अन्य यौनिक तथा लैङ्गिक समुदायका सम्बन्धमा चेतना नै नराख्ने काम भइरहेको हुन्छ ।

## ४

### नारीवादी सामाजिक रुपान्तरण

‘सबैका लागि समानता र न्याय’

यहींनिर चौथो चरण सुरु हुन्छ, समष्ठिगत सामाजिक-आर्थिक तथा राजनीतिक पद्धति सबै असमानतामा निर्भर छभने आन्दोलन तथा संगठनहरु लैङ्गिक समानतामा मात्र केन्द्रित भएर पुग्दैन । हरेक तह, तप्का र क्षेत्रमा सक्रियताको खाँचो पर्दछ । दमनकारी शक्ति संरचना जहाँको भएपनि त्यसको रुपान्तरणका लागि सक्रियता आवश्यक हुन्छ । दमनकारी शक्ति संरचनाले पृथ्वीको जलवायु नास गर्छ, गरिबी बढाएर हिंसा गर्छ, शोषण र अन्याय बढाउँछ । लैङ्गिकताको आधारमा मात्र होइन- जात, वर्ग, रंग, जनजाति, यौनिकता, क्षमता, क्षेत्र, धर्मलगायतका आधारमा भएका विभेदविरुद्ध आवाज उठाइन्छ । नारीवादी सामाजिक रुपान्तरण गर्ने समूहहरुले शक्तिमा केन्द्रित, सीमित व्यक्तिको मुनाफामा आधारित र ठूलो जनसमुदायलाई सीमान्तकृत गर्नेगरी भएको परम्परागत संरचनाको परिवर्तनका लागि अभियान चलाउनुपर्छ ।

# ४

# आन्दोलन कसरी सुरु हुन्छ ?

केही आन्दोलनहरु
आगोजस्तै सुरु हुन्छन्,
जनताको मुटुमा
आक्रोशको झिल्को
निस्कन्छ हेर्दाहेर्दै
ज्वाला बन्छ ।

**विश्वको सामाजिक आन्दोलनको इतिहास हेर्‍यौं वा वर्तमान समयमा हाम्रै वरिपरि भएका आन्दोलन नियाल्यौं भने, आन्दोलन तीन प्रमुख मार्गबाट अघि बढेको पाउँछौं:**

- सानो झिल्कोका रूपमा उठ्छ र डँडेलोजस्तो व्यापक बन्छ ।
- सचेत ढंगले योजना र लक्ष्यसहित आन्दोलन–निर्माण प्रक्रियाका साथ सुरु हुन्छ ।
- समान मुद्दामा काम गर्ने परिवर्तन चाहने अभियन्ताहरूको व्यक्ति र संस्थाको सञ्जालका माध्यमद्वारा अघिबढ्छ ।

**अब हामी यी मार्गहरूका बारेमा हरेकको ठोस उदाहरणका साथ विश्लेषण गर्छौं ।**





**शक्ति समूह** नेपाल, बेचबिखनमा परी फर्किएका महिलाहरूद्वारा स्थापित तथा सञ्चालित । *https://www.shaktisamuha.org.np*

**युद्धविरुद्ध आमाहरु** श्रीलंका, जनयुद्धका समयमा स्थापित तथा सञ्चालित। (पृष्ठ ६०)

**पहाडी महिला महासंघ** चिट्टगोङ्ग जिल्ला, बंगलादेश, सैनिकद्वारा आदिवासी महिलामाथि भएको बलात्कारको विरोधमा खोलिएको संस्था । *https://www.iwgia.org/en/bangladesh/3235-indigenous-women-target-of-rape-in-land-related-conflicts-in-bangladesh.html*

**मणिपुर महिलाको मीरा पैबी** (दीप–वाहक महिला) आदिवासी महिलामाथि सैनिकद्वारा गरिएको यौनिक उत्पीडनविरुद्ध संगठित संस्था । *https://www.indiatoday.in/india/story/if-you-remember-manipuri-women-only-for-nude-protest-against-army-think-again-1436411-2019-01-22*

**ग्रेटा थनबर्ग** जलवायु परिवर्तनका लागि विद्यालय स्तरका विद्यार्थीको विश्वव्यापी रूपमा परिचालित आन्दोलन जो स्वीडेनबाट एक किशोरीले सुरु गरेकी हुन् । *https://www.bbc.co.uk/newsround/47467038*

**यौनकर्मी सञ्जाल** बंगलादेश, प्रहरीले यौनकर्मी महिलालाई घरबाट निकालेर निरुत्साहित गरेको विरोधमा सुरु भएको आन्दोलन । *https://www.naripokkho.org.bd* – बंगाली भाषामा मात्र

## युद्धविरुद्ध आमाहरू श्रीलंका

**‘झिल्को’ जसले आन्दोलन सल्कायोः बालबालिका र परिवारका सदस्य बेपत्ता/ अपहरण**

श्रीलंकामा १९८३ देखि २००९ सम्म लिबरेसन टाइगर्स अफ तमिल इलम (एलटिटिई) का लडाकुसँग सरकारी सेनाको निकै लामो जनयुद्ध चल्यो, मुलुकको उत्तर र पूर्वी क्षेत्र समेटेर छुट्टै राज्य बनाउने उद्देश्यका साथ सुरुभएको यस युद्धमा महिला पनि गम्भीर रूपले प्रभावित भए । युद्धका बेला उनीहरूका किशोर–किशोरी बालबालिकाको अपहरण वा परिवारका सदस्यहरूलाई बेपत्ता पारिदिने व्यवहारका कारण महिलाहरू ठूलो तनाबमा परे । यसरी तनाब भोग्ने महिला एलटिटिई र श्रीलंकाको सरकारी सेना दुवै तर्फका परिवारका सदस्य थिए । युद्ध चलिरहँदा र युद्धको समाप्तिपछि पनि द्वन्द्व प्रभावित महिलाले सत्य तथा न्यायका लागि आवाज उठाइरहे, लगातार प्रदर्शन गर्ने र दबाब दिने अभियान चलाए ।

देशव्यापी बनेको यो आन्दोलन सीमित आमाहरूको निर्णयबाट सुरु भएको थियोः उनीहरू एकसाथ सैनिक शिविर र नजरबन्दी गृहहरूमा जाने र आफ्ना

**थप जानकारीका लागिः**

*https://www.crisisgroup.org/asia/south-asia/sri-lanka/289-sri-lankas-conflict-affected-women-dealing-legacy-war*

*https://www.bbc.com/news/world-asia-45474584*

*http://www.isiswomen.org/index.php?option=com_content&view=article&id=591:-women-and-peace-in-sri-lanka&catid=130&Itemid=452*

*https://www.aljazeera.com/indepth/inpictures/2015/12/scars-sri-lanka-civil-war-151221062101569.html*

प्रियजनको जानकारी चाहियो भन्दै उनीहरूको फोटोसहित सडक छेउमा प्लाकार्ड बोकेर उभिनथाले । बेपत्ता बनाइएका नागरिकको जानकारी चाहियो र यौनिक हिंसा रोकिनुका साथै यस प्रकारको व्यवहार गर्ने व्यक्तिलाई कारबाहीको दायरमा ल्याउनुपर्‍यो भन्दै उनीहरूले माग राखेका थिए । उनीहरूको आन्दोलनमा हजारौं हजारको संख्यामा द्वन्द्व–प्रभावित महिला सहभागी हुनथाले । आफ्ना बेपत्ता पारिएका वा हराएका परिवारका सदस्यको जानकारी पाउनका लागि महिलाले सुरु गरेको यस आन्दोलनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गरायो ।

यस घटनाले कुनै बेला मानिसको मनमा झिल्कोका रूपमा उब्जिएको आक्रोश र पीडाले आन्दोलनको डँडेलो सल्काउनसक्छ, जो पछि गएर बलियो र स्थायी प्रकृतिको आन्दोलन बन्नपुग्छ भन्ने देखाउँछ ।



## निजेरा कोरी बंगलादेश

निजेरा कोरीले १९८० देखि बंगलादेशका विभिन्न जिल्लामा कामकाजी गरिब नागरिकहरूलाई परिचालन गरी आन्दोलन चलाउँदै आएको छ। गैससहरूले गरिबहरूलाई सेवा प्रदान गर्ने भूमिका निर्वाह गर्न नसकिरहेका बेला यसले सो सेवा प्रदान गरेको हो। यसले व्यक्तिगत समस्याका रूपमा गरिबीलाई लिनुभन्दा संरचनागत असमानतालाई सम्बोधन गर्नु आवश्यक देख्यो। **निजेरा कोरी अर्थात 'हामी आफै गर्छौं' नामक यस संस्थाले नामअनुसार नै गरिबहरूलाई संगठित गरेर शक्तिको निर्माण गर्ने र अधिकारका लागि आवाज उठाउन लगाउने कार्यमा जुटेको छ।**

निजेरा कोरीले सीमान्तकृत व्यक्तिहरू, खासगरी महिलालाई संगठित गऱ्यो, देशभरिमा ८,६२२ समूह संगठित भए जसमा कुल १,८०,००० सदस्य संगठित छन्। यसमध्ये आधा संख्या महिलाको छ। संगठनको बैठक साप्ताहिक रूपमा बस्नेगर्छ, सहकारी वचत कोषका लागि रकम संकलन गरिन्छ (साहु र संरक्षक भनिने व्यक्तिमाथिको निर्भरता कम गर्न), संगठनको जिम्मेवारीका लागि सदस्यहरू निर्वाचित हुन्छन् र सदस्यहरूलाई विभिन्न सान्दर्भिक तालिममा सहभागी पनि गराइन्छ। जब समूह परिपक्व हुन्छ तब उनीहरूलाई निजेरा कोरीले स्वतन्त्र काम गर्न दिन्छ। तर जब उनीहरूको टोल र गाउँभन्दा बाहिर स्थानीय, क्षेत्रीय र राष्ट्रिय सरोकारका काम हुन्छन् तब निजेरा कोरीले सहयोगी भूमिका निर्वाह गरिदिन्छ। यस अभियानले अन्ततः सामाजिक रूपान्तरण गर्ने वृहत्तर लक्ष्य पूर्ति गर्नका लागि सो क्षेत्रमा आत्मनिर्भरतालाई अभिवृद्धि गरेको छ।

**थप जानकारीका लागिः**

*http://nijerakori.org/history/*

*https://www.jstor.org/stable/40795679?read-now=1&seq=5#metadata_info_tab_contents*




योजनावद्ध तरिकाले आन्दोलन–निर्माण गर्न युवा महिलाको समूह, नारीवादी संस्था, गैसससमेत मिलेर विभिन्न किसिमका अन्यायबाट प्रभावित व्यक्तिहरूलाई परिचालन गर्ने निर्णय लिइन्छ। दक्षिण एशियामा खासगरी महिला अधिकार र नारीवादी गतिविधि गर्ने आन्दोलनका उदाहरण पाउन सजिलो छ तर यसका बारेमा थप जानकारी हासिल गर्नका लागि भने तपाईंले थोरै मात्र नमुनाहरू प्राप्त गर्नुहुनेछ।

### पिन्जरा टोड भारत

*https://en.wikipedia.org/wiki/Pinjra_Tod*

### ढाबाका किशोरीहरू पाकिस्तान

*https://en.wikipedia.org/wiki/Girls_at_Dhabas*

### जनजाति आन्दोलन नेपाल

*http://www.martinchautari.org.np/mc/files/pratyoush_onta_11(2)(1).pdf*

### दलित महिला समिति भारत (पृष्ठ ६५)

*https://www.awid.org/sites/default/files/atoms/files/changing_their_world_-_dalit_womens_movement_in_india.pdf*

### एकल नारी शक्ति संगठन भारत

*http://www.streeshakti.com/Collection-Safe-Haven.aspx*

### निजेरा कोरी बंगलादेश (पृष्ठ ६२)

*https://nijerakori.org/*

## दलित महिला समिति भारत

दलित महिला समिति सन् २००२ मा उत्तरी भारतको उत्तर प्रदेश राज्यमा खोलिएको थियो। दलित महिलाको आन्दोलनमा केन्द्रित यस संस्थाले दलितको प्रमाण चाहियो भनेर आवाज उठायो। त्यस क्षेत्रमा स्थानीय दलित महिलाको नेतृत्व र उनीहरूको परिचयका लागि भएको आन्दोलनमा जातीय समानताको पनि प्रश्न उठाइयो। दलित महिला समिति ८० को दशकको उत्तरार्द्धदेखि दलित महिलालाई आफ्नो अधिकारका लागि परिचालन गर्दैआएको सक्रिय भनाङ्गनाको पहलमा सुरु भएको थियो, अर्थात भनाङ्गनाले दलित महिला समितिका नाममा आन्दोलन निर्माण गरेको थियो।

दलित महिला समितिले अछुतको मुद्दामा जनचेतना अभिवृद्धि गर्न सिर्जनात्मक पद्धतिको विकास गऱ्यो। उनीहरूले महिलालाई जाति प्रथा र अछुत व्यवहारका विषयमा नाटक मञ्चन गर्न सिकाएर गाउँ–गाउँ पठाए। हरेर गाउँमा उनीहरूले छुवाछुत प्रथा अन्त्य गर्ने प्रतिवद्ध महिलाहरू नियुक्त गरे। उनीहरूले पुरुषलाई पनि 'साथीदार' बनेर छुवाछुत विरुद्धको अभियानमा सघाउन आह्वान पनि गरे। समितिले परिवार–परिवार र व्यक्ति–व्यक्तिको स्तरसम्म पुगेर विभेदपूर्ण अभ्यासलाई परिवर्तन गर्न अभियान चलायो। समितिले सरकारसँग मिलेर विद्यालय जाने विद्यार्थीका लागि दिवा भोजन गर्दा अन्य जातका विद्यार्थीसँगै बसेर खाने अवस्थाका लागि सहजीकरण गऱ्यो।

**थप जानकारीका लागिः**

*https://www.awid.org/sites/default/files/atoms/files/changing_their_world_-_dalit_womens_movement_in_india.pdf*







अन्त्यमा, धेरै व्यक्ति वा संस्थाहरू एकजुट भएर वा सञ्जालमा आवद्ध भएर राष्ट्रिय, क्षेत्रीय वा विश्वव्यापी रूपमा राजनीतिक मुद्दा वा साझा लक्ष्य प्राप्तिका लागि गरिने कार्य नै आन्दोलन हो। आन्दोलनलाई कतिपय व्यक्तिले 'सञ्जाल–कार्य' पनि भन्नेगर्दछन्, यसको अर्थ हो साझा मुद्दा र निर्धारित लक्ष्य जसप्रति सबै सहमत हुन्छन्, एक–आपसको सम्पर्कमा रहेर गतिविधि अघिबढाउँछन्। यहाँ केही उदाहरण दिइएको छ :

**नागरिक आवाज** नेपाल *https://www.peaceinsight.org/conflicts/nepal/peacebuilding-organizations/nagarik-aawaz/* (पृष्ठ ६६)

**नारीपोक्खो** बंगलादेश
*www.naripokkho.org.bd – Bangla only*

**यौनकर्मीहरूको राष्ट्रिय सञ्जाल** भारत
*http://nnswindia.org*

**अन्तर्राष्ट्रिय अपाङ्ग महिला सञ्जाल**
*https://inwwd.wordpress.com*

**सुकुम्वासी तथा झुपडीमा बस्नेहरूको अन्तर्राष्ट्रिय संस्था**
*https://en.wikipedia.org/wiki/Slum_Dwellers_International*

**ग्रुट्स** (तृणमूल संस्था सह–सञ्चालनमा भगिनी–सम्बन्ध)
*The Huairou Commission https://huairou.org/mission*

**वीगो** (अनौपचारिक आर्थिक विश्वव्यापीकरण र व्यवस्थापनमा महिला) *https://wiego.org* (पृष्ठ ६७)

## नागरिक आवाज नेपाल

व्यक्ति र संस्थाहरू एकजुट भएर आन्दोलन अघिबढाएको यो एक उदाहरण हो । नेपालमा एक दशक लामो जनयुद्ध चल्यो जो सन् २००६ मा समाप्त भयो । सशस्त्र द्वन्द्व शिखरमा पुगिरहेका बेला २००१ मा महिला र बालबालिका निकै नराम्रोसँग प्रभावित भैरहेका थिए, त्यसैबेला सरोकारवाला र महिला अधिकारवादीहरू केही गतिविधि अघिबढाउने प्रयोजनले एकजुट भए । उनीहरूले खोलेको संस्था थियो– नागरिक आवाज । यस संस्थाले द्वन्द्व प्रभावित क्षेत्रमा रहेका नाजुक अवस्थाका व्यक्तिको शान्ति र सुरक्षाका लागि आन्दोलन चलायो । सामाजिक न्यायका क्षेत्रमा काम गर्ने धेरै संस्था यसमा आवद्ध भए । यसले विभिन्न क्षेत्रका समूह र राजनीतिक दलका व्यक्तिहरूबीच द्वन्द्वका असर न्यूनीकरण गर्ने र शान्ति निर्माणका लागि पहल गर्ने उद्देश्यले परिसंवाद कार्यक्रम चलायो । संस्थाले खासगरी युवा महिला तथा पुरुषलाई मुलुकमा शान्ति र न्यायको संस्कृति विकास गर्नका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने रणनीति बनायो । यसले प्रतिवद्ध पात्रहरूबीच साझेदारी निर्माग गरी समान उद्देश्यका लागि कार्य गर्ने वातावरण तयार पार्न महत्वपूर्ण भूमिका खेल्यो । खासगरी यसले सशस्त्र द्वन्द्वका बेला र शान्ति सम्झौतापछि द्वन्द्व प्रभावित तथा सीमान्तकृत युवा र महिलालाई सुरक्षाको अनुभूति दिलाउन सघाउ पुऱ्यायो ।

नागरिक आवाजको यस उदाहरणले हामीलाई कसरी व्यक्ति र संस्थाहरू मिलेर समान उद्देश्य प्राप्तिका लागि आन्दोलन सिर्जना गर्न सकिन्छ भन्ने देखाउँछ ।

**थप जानकारीका लागिः**

*https://www.peaceinsight.org/conflicts/nepal/peacebuilding-organizations/nagar-ik-aawaz/*

*https://www.facebook.com/naforpeace/*

## वीगो अनौपचारिक आर्थिक विश्वव्यापीकरण र व्यवस्थापनमा महिला

वीगो अनौपचारिक आर्थिक क्षेत्रमा संलग्न कामकाजी गरिब व्यक्ति खासगरी महिलाका लागि जीविकोपार्जनको सुरक्षामा केन्द्रित विश्वव्यापी सञ्जाल हो । वीगोले घरेलु कामदार र सडक व्यापारी खासगरी महिला कामदारजस्ता अनौपचारिक क्षेत्रमा काम गर्ने व्यक्तिको आन्दोलनलाई सघाउँछ । यसले उनीहरूका बारेमा अनुसन्धान गर्छ, क्षमता अभिवृद्धि गराउँछ, उनीहरूको पक्षमा वकालत गर्छ र उनीहरूको आवाजलाई अन्तर्राष्ट्रियकरण गर्न र स्थान दिलाउन सहजीकरण गर्दछ ।

वीगो सञ्जाल व्यक्ति र संस्था समावेश भएर तीन वृहत् क्षेत्रबाट बनेको छ । पेशागत संगठित संस्था, सहकारी, कामदारको संगठनसहितको क्षेत्र (पहिलो), अनुसन्धानकर्ता तथा तथ्यांकशास्त्री जसले अनुसन्धान गर्छन् र कामदारका मुद्दाका बारेमा तथ्य संकलन गर्नेहरूको समूह (दोस्रो) र विकासे निकायहरू (अन्तर–सरकारी, सरकारी र गैरसरकारी) जसले विभिन्न रूपमा अनौपचारिक कामदारसँग सरोकार राख्दछन् (तेस्रो) मिलेर वीगो सञ्जाल तयार भएको छ ।

वीगोका संस्थागत सदस्यमा अन्तर्राष्ट्रिय घरेलु कामदार महासंघ, स्ट्रिटनेट (अन्तर्राष्ट्रि सडक व्यापारी सञ्जाल), होमनेट साउथ एशिया (घरेलु कामदार महासंघ) र खाद्य तथा भोजनसम्बद्ध कामदारहरूको अन्तर्राष्ट्रिय संगठन, विश्वव्यापी रूपमा छरिएर रहेका अनौपचारिक क्षेत्रका लाखौं कामदारहरूले पनि यसमा सहभागिता जनाएका छन् ।

**थप जानकारीका लागिः**

*https://www.wiego.org/about-us*

# ५

# आन्दोलन कसरी निर्माण हुन्छ ?

आन्दोलनका लागि विचार अभिव्यक्ति र अन्तर क्रियाका लागि ठाउँ हुनै पर्छ । यस्तो ठाउँमा व्यक्तिहरू खुलेर बोल्न सक्छन्, आफ्ना कठोर वास्तविकताको परि वर्तनका लागि योजना बनाउन सक्छन् ।

आन्दोलन निर्माण के हो बुझ्नका लागि एउटा राम्रो उपाय वास्तविक आन्दोलनको कथाको इतिवृत्ति थाहा पाउनु पनि हो । दक्षिण एशियामा सयौं आन्दोलन भएका छन्, संसारमा हजारौं यस्ता आन्दोलन चलेका छन्, यीमध्ये कतिपय नारीवादी आन्दोलन पनि छन्... यस अवस्थामा कुनै एक आन्दोलन छानेर कथा भन्नु सजिलो छैन ।

तरपनि, हामीले यहाँ एक आन्दोलनको इतिवृत्ति प्रस्तुत गरेका छौं, यसले आन्दोलन निर्माण प्रक्रियाका सबै महत्वपूर्ण चरणहरू समावेश गरेको छ ।



## स्टेप्स तथा विमेन्स जमात मुभमेन्ट
### तमिलनाडु, भारत

सन् १९९० मा शरिफा दाउद खानुम मात्र २२ वर्षकी थिइन् । उनले दक्षिणी भारतस्थित तमिलनाडु राज्यबाट राष्ट्रिय महिला सम्मेलनमा भाग लिने अवसर पाइन् । सम्मेलनमा बताइएका पीडा, शोषण, दमन, विरोध, साहस र संघर्षका कथाहरू सुनेर उनी साँच्चिकै प्रभावित भइन् ।

सम्मेलनबाट फर्केर उनले आफ्नोजस्तै विचार र व्यवहारका केही महिला तथा पुरुषहरूसँग मिलेर आफ्नो जिल्ला पुडुकोटाइमा महिलाको सशक्तिकरणका लागि काम गर्न एक संस्था गठन गरिन् । त्यस संस्थाको नाम थियो 'स्टेप्स' अर्थात पाइलाहरू ।

स्टेप्सले सर्वप्रथम महिलाविरुद्धको हिंसा र लैङ्गिक विभेदका विषयमा चेतना अभिवृद्धिका लागि पोष्टर प्रचारवाजी सुरु गर्‍यो, विद्यालयका किशोरीहरूलाई आत्मरक्षाका लागि तालिम पनि प्रदान गर्‍यो । यसले सरकारले सीमान्तकृत महिलाका लागि ल्याएको, खासगरी अनौपचारिक शिक्षा तथा वचत तथा ऋण कार्यक्रमको कार्यान्वयनका लागि पनि सहकार्य गर्‍यो । धेरै इस्लामिक महिला वचत तथा ऋण कार्यक्रममा सहभागी पनि भए, उनीहरू संगठित भएर आ–आफ्ना समस्या र विभेदपूर्ण व्यवहारको भोगाइका अनुभवहरू आदान–प्रदान गर्नथाले । घरेलु हिंसा, श्रीमान्ले दोस्रो विवाह गरेर पहिलाकी श्रीमतीलाई कुनै स्रोत–साधन नदिई घरबाट निकाला गरिदिएको आदि हिंसा र विभेदका विषयमा उनीहरूबीच अनुभवको आदान–प्रदान हुन्थ्यो । सबै महिलाका समस्याहरू सुनेपछि शरिफाले सुरुमा उनीहरूका चोटिला समस्याहरूको निराकरणमा एक–एक गरेर प्रवेश गर्नुभन्दा उनीहरूलाई ऋण उपलव्ध गराउनु उपयोगी हुने निष्कर्षमा पुगिन् । ती महिलाहरूले समुदाय परिषद् जसलाई 'जमात' भनिन्छ, मा न्यायका लागि सबल ढंगले प्रस्ताव पनि राखे– जमातले जहिले पनि पुरुषका पक्षमा निर्णय लिनेगरे

को भन्दै उनीहरूले यस प्रकारको व्यवहार महिलाका लागि अन्यायपूर्ण भएको गुनासो गरे ।

शरिफालाई यस प्रकारको विभेद र अन्यायलाई कुरान (इस्लाम धर्मग्रन्थ) र शारिया (इस्लामी कानुनको किताब) ले पक्कै अनुमोदन गरेको छैन भन्नेलाग्यो । त्यसैले शारिफा र उनको अन्तरङ्ग समूहमा रहेका व्यक्तिहरूले यी दुवै ग्रन्थको अध्ययन गरे । उनीहरूले शारिया कानुनलाई पुरुषका पक्षमा हुनेगरी गलत व्याख्या भएको र महिलामाथि नियन्त्रण गरिएको पत्ता लगाए ।

स्टेप्सले शारिया कानुनको विषयमा महिलाका लागि कार्यशाला चलायो, महिलालाई सताउने प्रचलनलाई चुनौती दियो । तर, यस प्रकारको प्रयासले महिलामाथि प्रत्याक्रमण सुरु गरायो । हिंसामा परेका महिला जब प्रहरीको सहायता लिन पुगे तब 'निजी मामिला' र 'समुदायको विषय' भन्दै पुनः मुद्दा 'जमात' मै फर्काइयो ।

शरिफा र उनको समूहले मुस्लिम महिला महासंघ गठन गऱ्यो र आफ्नै जमात तयार पाऱ्यो, उनीहरूले आफ्नो जमातको नाम तमिलनाडु मुस्लिम महिला जमात राखे। स्थानीय धार्मिक नेताहरूले तत्कालै यो गैरकानुनी काम हो भन्दै आक्रमण सुरु गरे, शरिफालाई सामाजिक बहिस्कार मात्र गरेनन् वेश्याको आरोपसमेत लगाए, विश्वास गर्न नसकिने, लज्जाहीन महिला जो बुर्का पनि लगाउँदिन भनेर गालीगलौज सुरु गरे, अन्ततः उनको जीवनकै सुरक्षाको चुनौती सुरु भयो । शरिफाले विरोधीहरूलाई प्रतिवाद गर्दै भनिन्, 'जब यस समुदायका हरेक मुसलमान पुरुषले दहेज लिन बन्द गर्छन् र मेहेर भुक्तान गर्न सुरु गर्छन् (दुलहीको मूल्य चुकाउने इस्लामिक प्रचलन) तब म बुर्का लगाउन सुरु गर्नेछु !'

मुस्लिम महिला महासंघमा ६,००० परिचयपत्र लिएका सदस्य र तामिलनाडुका १० जिल्लामा शाखामा रहेका करिब पाँच हजार महिला तथा अन्य समुदायका महिला साना ऋण समूहमा आवद्ध भएका थिए ।



परिवर्तनका लागि महासंघले अत्यन्त प्रष्ट एजेण्डा तयार पाऱ्योः

- मुस्लिम महिलालाई एकसाथ भेला हुन र आ–आफ्ना सरोकारका महत्वपूर्ण विषय र अनुभूतिहरू आदान–प्रदान गर्न **सघाउने** ।
- पुरुष नियन्त्रित जमातबाट मुस्लिम महिलालाई **स्वतन्त्र** गर्ने, नयाँ सामाजिक स्थान प्रदान गर्ने र स्थानीय मुस्लिम समुदायका साथ खडा हुने ।
- मुख्य जमातभित्र कायम रहेको आन्तरिक नियन्त्रण पद्धतिमा सुधार ल्याउन **पैरवी गर्ने** ।
- एक पक्षीय तथा जथाभावी किसिमले 'तलाक' (सम्बन्ध विच्छेद) भन्ने संख्या **घटाउने** ।
- मुस्लिम महिलाको शिक्षा र स्वास्थ्यको अवस्था कमजोर रहेको सम्बन्धमा **प्रचारवाजी गर्ने** ।
- धर्मनिरपेक्ष रहेर संस्थाका सबै सदस्यको अधिकार र न्यायका लागि **काम गर्ने** ।

केही वर्षभित्रै महिला जमातमा महिला मात्र होइन पुरुष पनि न्याय खोज्दै जानथाले, यद्यपि पुरुष धार्मिक नेताहरू चेतावनी दिइरहेका थिए तर धेरैले वास्ता गरेनन् । उनीहरूको कामबाट प्रभावित भएर जिल्ला प्रशासन कार्यालयले स्टेप्सलाई महिला केन्द्र खोल्नका लागि जग्गा पनि प्रदान गऱ्यो, जहाँ छिटै नै स्टेप्सको कार्यालय तयार भयो, त्यहीं महिला जमातको बैठक गर्ने स्थान पनि बनाइयो, विपत् केन्द्र र संकटमा परेका महिलाका लागि अस्थायी आवासको पनि व्यवस्था गरियो ।

सन् २०१० सम्म आइपुग्दा आन्दोलन र महिला जमात निकै सबल बनिसकेको थियो, प्रतिष्ठा र शक्ति आर्जन भएको थियो । अब स्टेप्ससँग पढेलेखेका शिक्षित महिला थिए जसले शारिया कानुन र भारतीय संविधानअनुसार उनीहरूको अधिकारका सम्बन्धमा व्याख्या गर्दथे, छानिएका तालिम प्राप्त आन्दोलनका नेताहरू थिए– खासगरी सम्बन्ध विच्छेद गरेका, बालबालिका नभएका र एकल महिलालाई सघाउने उद्देश्यका साथ काम भइरहेको थियो, आफ्नो क्षेत्रमा महासंघको छवि अझ उच्च र स्वच्छ बनाउन तथा जमातको कामलाई सफलताका साथ अघिबढाउन उनीहरूले भूमिका खेलिरहेका थिए, र छन् । यसले कानुनी विभाग पनि खडा गरेको छ जसले मनपरी ढंगले निर्णय गरिएका र मुल्तबीमा राखिएका करिब २०० मुद्दाका बारेमा अनुसन्धान गरी आफ्नो टिप्पणी सुनाएको छ, महिलालाई मात्र होइन पुरुषलाई पनि महिलाविरुद्धको हिंसा र महिला अधिकारबारे सचेतना तालिम दिएको छ, शारिया कानुनले के भन्छ भनेर पनि सिकाएको छ । सबैभन्दा ठूलो कुरा त महिला जमातले महिला मस्जिद नै तयार पारेको छ र महिलालाई प्रार्थना (अजान) गर्ने तालिम पनि दिएको छ ।

**हामी स्टेप्स र तामिलनाडु महिला जमातले हामीलाई अभिप्रेरित गरेका कारणले मात्र यसको प्रशंसा र सम्मान गरिरहेका छैनौं, कसरी आन्दोलन निर्माण गर्ने भन्नेबारे सिकाएका कारण पनि यसको उच्च मूल्याङ्कन गरिरहेका छौं !![7]**

---

[7] महिला जमातको कथा बुझ्नका लागि तपाईं आकर्षक चलचित्र पनि हेर्नसक्नुहुन्छ, 'न्यायको आह्वान' (Invoking Justice) नामको चलचित्र नारीवादी चलचित्र निर्मात्री दीपा धनराजले बनाउनुभएको होः https://www.youtube.com/watch?v=p7YnTgjfB_8

महिला जमातले सबल आन्दोलनका विशेषता समेटेको छः अन्यायबाट अत्यन्त प्रभावित व्यक्तिहरू संगठित सदस्यका रूपमा सरिक भएका छन्, उनीहरू सबै परिवर्तनका लागि समर्पित छन्, सबै एकसाथ अघिबढेका छन्, परिवर्तनको परिदृश्य। मुद्दाको व्याख्या गरिएको छ, औपचारिक (महासंघ) र अनौपचारिक संगठनहरू (स्थानीय महिला समूह) दुवै सिर्जना गरिएका छन्, यिनै संगठनहरूमार्फत सरोकारवालाहरूले कार्यक्षेत्रभित्र आफूमध्येबाटै विभिन्न चरणमा नेतृत्वहरूको विकास गरेका छन् ।

तामिलनाडु महिला जमात नारीवादी आन्दोलन हो, तर उनीहरूले आफूलाई नारीवादीका रूपमा परिचित गराएका छैनन् ः

- उनीहरूले सबै महिलाका लागि सहज स्थान, आवाज र अधिकारको नारीवादी मूल्य र लक्ष्य स्वीकार गरेका छन् ।
- उनीहरूले पुरुषहरूको जमातको स्वरूप निकै नै पितृसत्तात्मक रहेको र उनीहरूले भोगेका अन्यायको लैङ्गिक विश्लेषण गरेका छन् ।
- उनीहरूको रणनीति निकै लैङ्गिक चेतनायुक्त देखिन्छ (उदाहरणका लागि महिलाको मस्जिद बनाउने कार्य !)
- उनीहरूको महिला सदस्यको जमात मात्र छैन, बरु सबै स्तरमा महिलाले नै नेतृत्व समालेका छन् ।
- सबैभन्दा महत्वपूर्ण, उनीहरूले आफ्नो समुदायलाई परिवर्तन गर्ने अवधारणा पनि अत्यन्त नारीवादी अंगीकार गरेका छन्, गहिराइसम्म पुगेर परिवर्तन गर्ने लक्ष्य लिएका छन् ।

स्टेप्स / महिला जमात आन्दोलनलाई गम्भीरताका साथ अध्ययन गर्नेले देहायका चरण वा मार्ग पछ्याउँदै यसको यात्रा अघिबढेको पाउनेछन्ः

**सीमान्तकृत व्यक्तिहरुका लागि खतरनाक विचारका बारेमा चिन्तन-मनन गर्न सुरक्षित ठाउँ आवश्यक हुन्छ । त्यस ठाउँमा उनीहरु खतरनाक कामका विषयमा बोल्छन् र खतरनाका योजनाहरु बनाउँछन् ! उनीहरुलाई सीमान्तकृत गर्ने शक्ति संरचनालाई चुनौती दिने कार्य खतरनाक हो ।**

# आन्दोलन निर्माणका प्रमुख चरणहरू

१. अन्यायको अनुभूति

२. अभिप्रेरित, प्रतिवद्ध नेतृत्व

३. भेला भएर अन्यायका बारेमा छलफल गर्ने स्थानको विकास

४. परिवर्तनका लागि प्रारम्भिक मुद्दाको स्वरुप निर्धारण

५. मुद्दासँग सम्बन्धित अन्यायमा परेका व्यक्तिको चेतना अभिवृद्धि, उनीहरुलाई संगठित गर्ने र परिचालित गर्ने

६. नेतृत्वको आधार विस्तार गर्ने

७. पहिचान र परिवर्तनका लागि रणनीति कार्यान्वयन तथा क्रियाकलाप

८. प्रभाव विस्तार र प्रतिक्रिया

९. लाभ प्राप्ति

१०. साझेदारी विस्तार तथा व्यवस्थित व्यवस्थापन

११. अवस्थाको नयाँ विश्लेषण निर्माण

१२. परिवर्तनको मुद्दामा अझै गहिराइसम्म पुगेर विश्लेषण, नयाँ रणनीति र काम गर्ने क्षेत्रको पहिचान

**अब हामी यहाँ हरेक चरणको बारेमा जानकारी लिऔं:**

## १. अन्यायको अनुभूति

संसारका सबैजसो आन्दोलनजस्तै महिला जमात पनि केही व्यक्ति र व्यक्तिहरूको समूहले अन्याय भइरहेको देखेर त्यसलाई नयाँ दृष्टिकोण दिँदै नयाँ चेतनाका साथ सुरु गरेका हुन् । उनीहरूले 'अतिभन्दा अति भयो ! यसको विरुद्ध उभिनुपर्छ र अन्याय रोक्नुपर्छ' भन्ने निर्णय लिएपछि आन्दोलन सुरु भएको हो ।

उदाहरणका लागि राष्ट्रिय महिला सम्मेलनमा सहभागी भएपछि शरिफामा जागरण आयो, उनले आफ्नो गृह–जिल्लाको समुदायमा पुरुषमा रहेको विशेषाधिकार र शक्ति देखिन्, महिलामाथि भएको विभेदपूर्ण व्यवहार अनुभूत गरिन् ।

## २. अभिप्रेरित, प्रतिवद्ध नेतृत्व

उनीहरू खासगरी समस्याबाट पीडित प्रभावित अरुलाई अभिप्रेरित गर्न सुरु गर्छन्, परिवर्तनका लागि आन्दोलनमा सरिक हुन आवश्यक रहेकोमा सहमति जुटाउँछन् । सबलता तथा प्रतिवद्धता हासिल गर्ने काम हुन्छ, अन्याय कसरी अन्त्य गर्ने भन्ने विषयमा सहकार्य गर्दै अघिबढ्नका लागि अरुलाई अभिप्रेरित गर्ने काम हुन्छ, यस चरणमा पनि प्रारम्भिक नेतृत्वको आवश्यकता पर्दछ ।

शरिफाले ठीक यही काम गरिन्, उनी आफू सचेत भएपछि चुपलागेर बसिनन्, मुस्लिम समुदायका महिलालाई उनीहरूले भोगका अनेकौं अन्याय स्मरण गराउँदै आन्दोलनका लागि अभिप्रेरित गरिन् ।



## ३. भेला भएर अन्यायका बारेमा छलफल गर्ने स्थानको विकास

यस प्रक्रियाका लागि समय र स्थानको आवश्यकता पर्दछ, ठाउँ मात्र भएर पनि हुँदैन त्यो सुरक्षित हुन पनि उत्तिकै आवश्यक हुन्छ । उनीहरूले त्यस ठाउँमा कसैको डर–त्रासविना स्वतन्त्र ढंगले आफ्ना मनका कुरा बोल्न र समस्याहरू उजागर गर्न पाउनुपर्छ । मुद्दाका विषयमा पहिला नै विरोधी पक्षले आन्दोलनकारीको रणनीति र भूमिका थाहा पाउनु खतरनाक हुनसक्छ, त्यसैले सुरक्षित ठाउँ खोज्नु वा सिर्जना गर्नु आवश्यक हुन्छ ।

महिला जमातको सन्दर्भमा वचत तथा ऋणका लागि आयोजित बैठकले उनीहरूलाई त्यस प्रकारको सुरक्षित स्थान उपलव्ध गरायो, त्यहाँ महिलाहरू कुन विषयमा कुरा गर्दैछन् भनेर कसैले सुइँकोसम्म पाएन । अरु आन्दोलनहरूले साक्षरता कक्षा, स्वास्थ्य शिक्षा समूह, र अरु यस्तै निर्दोष र सामान्य देखिने विषयमा भेला गर्नु ठीक हुन्छ । जमातमा भने महिला वचत तथा ऋणका बैठकहरूको उपयोग गरिँदै आएका कारण पनि उनीहरूलाई कसैले आशंका गरेन ।

## ४. परिवर्तनका लागि प्रारम्भिक मुद्दाको स्वरूप निर्धारण

सुरक्षित स्थानमा जब महिलाहरू भेला हुन र उनीहरूका मुद्दा, पीडा तथा परिवर्तनको आवश्यकताका विषयमा कुरा गर्न सुरु गर्छन्, उनीहरूले भोलि भोग्नुपर्ने स्थितिका बारेमा पनि छलफल गरिन्छ, यसका लागि उनीहरूले मुख्य पात्रहरूको पहिचान गर्छन्, सामाजिक मूल्य–मान्यता र आयामहरु जसले उनीहरूलाई चुप लाग्न बाध्य बनाउनसक्छन् तिनीहरूका बारेमा पनि विमर्श हुन्छ, परिवर्तन गर्नुपर्ने नीति र कानुनका बारेमा छलफल हुन्छ, अन्ततः दमनकारी शक्तिलाई चुनौती दिनैपर्छ ।

महिला जमातका सन्दर्भमा यो प्रक्रिया कुरान र शारिया अध्ययन गरेर सुरु गरियो, अध्ययनबाट निस्केको निष्कर्ष थियो– धर्मका नाममा हुने अधिकांश अन्याय जसलाई उनीहरूले भो ग्नुपरिरहेको छ त्यसलाई यी धार्मिक ग्रन्थले समर्थन गरेका छैनन्, उनीहरूले धर्मले होइन पितृसत्ताले उनीहरूमाथि अन्याय गरिरहेको पहिचान गरे ।

## ५. मुद्दासँग सम्बन्धित अन्यायमा परेका व्यक्तिको चेतना अभिवृद्धि, उनीहरुलाई संगठित गर्ने र परिचालित गर्ने

अन्यायबाट पीडित–प्रभावित मुठीभर व्यक्तिहरू विरोधमा उत्रिएर मात्र परिवर्तन आउँदैन– उनीहरूले आफूजस्तै अन्यायको अनुभव गर्दैआएका अन्य व्यक्तिहरूलाई संगठित बनाएर वृहत् सामूहिक शक्ति निर्माण गर्नुपर्दछ । सानो समूहबाट आन्दोलन सुरु गरेपनि मुख्य सञ्चालक समूहले अन्य यस्तै समुदायलाई परिवर्तनका लागि सहमत गराउँदै आन्दोलनमा सहभागी गराउनुपर्छ । यही नै यस्तो महत्वपूर्ण चरण हो जहाँ वास्तविक आन्दोलनको शुभारम्भ हुन्छ ।

तमिलनाडु मुस्लिम महिला महासंघको गठन यसको प्रष्ट उदाहरण हो– यसले आन्दोलनका लागि सबल सदस्यतामा आधारित वृहत् मञ्चको काम गऱ्यो ।

## ६. नेतृत्वको आधार विस्तार गर्ने

यस प्रक्रियालाई स्थायी रूपमा अघिबढाउन एउटा नेता जतिसुकै चमत्कारी व्यक्ति भए पनि सम्भव हुँदैन । विभिन्न चरणमा काम गर्ने सबल र प्रतिवद्ध नेतृत्वको विकास आवश्यक हुन्छ ।

यस आन्दोलनले विभिन्न एकाईहरूमा बढीभन्दा बढी महिलाको सहभागिता गराउँदै नेतृहरूको विकास गऱ्यो, गतिविधिहरूको नेतृत्व गर्ने र विश्वास आर्जन गर्ने तथा अरुलाई सम्मान गर्ने काम गरियो ।



## ७. पहिचान र परिवर्तनका लागि रणनीति कार्यान्वयन तथा क्रियाकलाप

परिचालन प्रक्रियाले निश्चित आकार ग्रहण गरेपछि र संख्यात्मक रूपमा पनि सबल भएको अनुभव भएपछि उनीहरूले परिवर्तनका लागि रणनीतिका बारेमा कुरा गर्न सुरु गर्छन्, ठोस गतिविधि सञ्चालनको पहिचान र प्राथमिकीकरणको काम पनि गरिन्छ ।

महिला जमातले पुरुष जमातलाई महिलामाथि पूर्वाग्रही एवं अन्यायपूर्ण व्यवहार छोड र असमान निर्णयहरूमा सुधार ल्याऊ भनेर चेतावनी दिए, उनीहरू आफ्नो मुद्दा बोकेर प्रहरीकहाँ पनि पुगे तर कतैबाट सुनुवाई भएन, अन्ततः आफ्नै महिला जमात गठन गरेर समुदायमा देखिने मुद्दाहरूको छिनोफानो गर्नथाले ।

## ८ प्रभाव विस्तार र प्रतिक्रिया

आन्दोलनका सशक्त कदमहरू पहिलो पटक विश्वसमक्ष देखापर्नुअघि अर्थात विश्वले थाहा पाउनुअघिसम्म आन्दोलन संगठनभित्रका सदस्यहरूलाई मात्र जानकारीको विषय बन्दछ । तर प्रारम्भिक जानकारीकै बेला प्रतिक्रिया र विरोधका स्वरहरू सुनिन्छन्, शक्तिमा रहेकाहरूले आफूलाई चुनौती दिइयो भन्ने ठान्दछन्, यस बेला वास्तवमै बलियो संगठन र एकताको आवश्यकता पर्दछ ।

उदाहरणका लागि हामीले देख्यौं, मुख्य जमातले कसरी महिला जमातलाई गैरकानुनी भन्दै हतार–हतार टिप्पणी गऱ्यो, पुरुषको आधिपत्य रहेको जमातलाई चुनौती भएको र उसको शक्ति कटौति हुनलागेकै कारण शरिफालाई सामाजिक बहिस्कार गर्दै सजाय दिन उद्दत भयो ।

## ९ लाभ प्राप्ति

आलोचना वा गाली नै प्राप्त भए पनि त्यो सफलताको सूचक हो, यसलाई पनि उपलब्धिकै रुपमा लिनुपर्छ ।

महिला जमातले आन्दोलनमा सरिक भएका सदस्यहरूबीच मात्र मध्यस्थता र सन्तुलित व्यवहार गर्ने, उनीहरुका मुद्दा मात्र हेर्ने र न्याय दिने गरेन, छिटै नै बाहिरी समुदायका व्यक्तिहरुले पनि महिला जमातको व्यवहार देखे, प्रभावित भए र त्यहाँ मुद्दा लिएर आउन थाले । उनीहरुले पुरुष जमातको प्रभावलाई समेत बेवास्ता गरिदिए ।

## १०. साझेदारी विस्तार तथा व्यवस्थित व्यवस्थापन

प्रारम्भिक चरण र आन्दोलनले प्रभाव देखाउन थालेपछि सहभागीहरुको चासो बढ्छ । प्रारम्भिक चरणमा विभिन्न खाले डरका कारण उनीहरु यसमा सहभागी हुन चाहँदैनन् तर प्रभाव बढ्दै गएपछि सहभागी हुन आउँछन् ।

जब आन्दोलनमा सदस्यहरु बढ्दै जान्छन् तब यसको आन्तरिक व्यवस्थापन र निर्णय लिने प्रक्रिया पनि अझ बढी व्यवस्थित हुँदै जान्छ, वर्गीय र ठूलो–सानोको विभेदयुक्त बाहिरी सामाजिक संरचनाका विरुद्ध चलेको आन्दोलन भएका कारण यसभित्र उच–निचको शक्ति–संरचना र विशेषाधिकार प्राप्त वर्गको सिर्जना गर्दैन ।

## ११. अवस्थाको नयाँ विश्लेषण निर्माण

यस चरणमा प्रायः, केही प्रारम्भिक गतिविधिपछि, आलोचना र लाभको अनुभव हासिल गरेपछि र आन्दोलनमा सदस्यहरुको परिमाणसमेत बढेपछि, आन्दोलनले कुन उचाइ हासिल गऱ्यो भनेर मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । आन्दोलनकारीले ललकारेको र परिवर्तन गर्न चाहेको शक्ति आयामहरुका बारेमा जानकारी अझ प्रष्ट हुन्छ ।

शरिफा र उनका सहयात्री नेतृहरुको सटीक मूल्याङ्कनकै कारण महिला मस्जिद बनाउने निर्णय गरियो । महिला मस्जिदमा अर्ध–न्यायिक तालिम, महिला अधिकारको रक्षाका लागि विभिन्न जिल्ला शाखाहरुको स्थापना तथा सञ्चालन र सञ्चार माध्यम तथा प्रशासनिक क्षेत्रसँग सहकार्य गर्दै महिला अधिकार प्रवर्द्धनका लागि बाहृय सहयोग जुटाउने कार्य गरियो ।

## १२ परिवर्तनको मुद्दामा अझै गहिराइसम्म पुगेर विश्लेषण, नयाँ रणनीति र काम गर्ने क्षेत्रको पहिचान

अब आन्दोलन उचाइको नयाँ चरणमा पुग्दछ, यसको परिवर्तनका मुद्दालाई अझ गहिराइसम्म पुगेर बुझ्ने काम हुन्छ, गतिविधि सञ्चालनका नयाँ रणनीतिहरु तयार हुन्छन्, नयाँ क्षेत्र र पात्रहरुका साथ आन्दोलन अघिबढ्दै जान्छ ।

स्थानीय तथा प्रान्तीय स्तरमा निर्वाचित जनप्रतिनिधि र सञ्चार माध्यमसँग सहकार्य गर्दै महिला जमातले प्रभाव विस्तार गऱ्यो, मुस्लिम कानुन मातहत महिलाजस्ता अन्तर्राष्ट्रिय सञ्जालको सदस्य बनेर सम्पर्क बढायो ।

अर्को शब्दमा, चरण ७ देखि अगाडिका चक्रको पुनरावृत्ति हुन्छ ।

## के सबै आन्दोलनले यी चरणहरू अनुशरण गर्नुपर्छ ?

वस्तुतः हरेक आन्दोलन आफैमा मौलिक हुन्छन्, सबैको विकास विशेष किसिमको हुन्छ । उदाहरणका लागि, केही आन्दोलनहरू बाहृय पात्रहरू व लक्षित समूहलाई समावेश गराउनुअघि सर्वप्रथम आन्तरिक रूपमा विकसित हुन्छन्, दृष्टान्तका लागि आफ्नो क्षेत्रभित्र सबल एकाइहरू गठन गर्ने र सबल अभ्यास गर्ने जसले गर्दा केही हदसम्म सदस्यहरूको आवश्यकता पूर्ति हुन्छ, यसले गर्दा काम गर्ने अभ्यास पनि बढ्छ, सहकार्य गर्ने, एकसाथ निर्णय लिने र एक–आपसमा जबाफदेही हुने सिकाइ पनि हुन्छ ।

महिला जमातका सन्दर्भमा, वचत तथा ऋण समूहहरू पहिलादेखि नै संगठित थिए जसले आन्दोलनलाई अघिबढाए, यसले महिलालाई नियमित रूपमा एकसाथ अघि बढाउने काम गर्‍यो । वचत तथा ऋण समूहमा आवद्ध महिलालाई वचत गर्न र ऋण लिने प्रक्रिया सिकाउन त त्यस्ता समूह उपयोगी हुने नै भए साथमा उनीहरूका अन्य समस्या पनि ती समूहमा बसेर छलफल गर्न सजिलो भयो । त्यसैगरी, घरेलु कामदार र यौन व्यवसायीको आन्दोलन, विद्यार्थीको आन्दोलनले प्रायः आन्तरिक रूपमै उनीहरूबीच नै पर्याप्त अभ्यास गरेपछि मात्र अरुलाई वा राज्यको नीतिलाई चुनौती दिने गर्दछ । प्रथमतः यी आन्दोलनहरूले आन्दोलनकारी स्वयं, उनीहरूको आफ्नै सदस्यहरूको सोच र वरिपरिको समुदायको अवधारणा परिवर्तन गर्ने अभ्यास गर्दछ, त्यसपछि मात्र वृहत् नीति, कानुन र बाहृय विभेदका बारेमा प्रश्न उठाइन्छ ।

यस चित्रले हामीलाई महत्वपूर्ण तत्व के देखाउँछ भने, आन्दोलन सबल ढंगले सही बाटो पछ्याउँदै अघिबढ्नुपर्छ । हामीले अध्ययन गरेका विश्वका जति पनि सबल आन्दोलनहरू छन्, ती सबैमा यही नियम लागु हुन्छ । नाम मात्रका आन्दोलनको कुरा बेग्लै हो, तर ठोस परिवर्तनका लागि सञ्चालन गरिने आन्दोलनमा माथि उल्लेख गरिएका सबै चरणहरूको पालन ठीक किसिमले भएकै हुनुपर्छ ।



## आन्दोलनमा निकटताका भिन्न स्तरहरू

यदि हामीले महिलाको जमातको कथा पुनः फर्केर हेर्‍यौं भने, यो निकै मिहिन किसिमले बुनिएको देखिन्छ, सुसंगठित रूपमा यसका चरणहरूको पालना गरिएको छ, समान पृष्ठभूमि भएका सदस्यहरूले समस्याहरू आदान–प्रदान गरेका छन्, निश्चित क्षेत्रका व्यक्ति, मुद्दा तथा रुचिलाई ख्याल गरिएको छ । जमात विभिन्न अन्तर्राष्ट्रिय महिला सञ्जालको भाग हो तापनि यसको मुख्य लक्ष्य निश्चित स्थानमा रहेका व्यक्तिका लागि प्रष्ट देखिनेगरी परिवर्तन ल्याउनु हो ।

अन्य आन्दोलनहरू राष्ट्रिय, क्षेत्रीय वा विश्वव्यापी रूपमा सञ्चालित छन् । जब हामी बंगलादेश, भारत, नेपालको महिला आन्दोलनको कुरा गर्छौं, अथवा यौन व्यवसायी, आप्रवासी कामदार वा आदिवासी महिलाका अन्तर्राष्ट्रिय आन्दोलन सम्झिन्छौं, हामीले भिन्न प्रकारका सदस्यताका बारेमा कुरा गरिरहेका हुन्छौं, परिवर्तनको वृहत् विषय, भिन्न रणनीति र सहभागिता विषयमा कुरा गरिरहेका हुन्छौं । यस प्रकारका आन्दोलनहरूमा सहभागिताको हैसियत 'खुला' प्रकृतिको हुन्छ– सदस्यका रूपमा व्यक्ति वा संस्थाहरू सरिक भएका हुन्छन् तर उनीहरूको आवद्धता कानुनले बाँधिएको हुँदैन । यस्ता सदस्यहरू फरक–फरक पृष्ठभूमि र क्षेत्रका हुन्छन्, नियमित रूपमा उनीहरूको वास्तविक वा भर्चुयल कुनै पनि विधिबाट भेटघाट नहुन पनि सक्छ तर लक्ष्य प्राप्तिका लागि नियमित गतिविधि भने चलाइरहन्छन् । उनीहरूलाई एक ठाउँमा बाँध्ने तत्व भनेको ऐक्यवद्धताको भावना नै हो, आफ्नो मुलुकमा समस्याबाट प्रभावित महिला तथा अन्य प्रकारको दमनमा परेका लैङ्गिक पहिचानका व्यक्ति (जस्तो समलिङ्गी पुरुष वा अन्तरलिङ्गी व्यक्ति) मा न्याय प्राप्तिको चाहनाले उनीहरूलाई एकसाथ खडा गर्दछ, जब सरकारको नीति वा विशेष घटना जसले उनीहरूको सिद्धान्तमाथि हिंसा गरेको वा यस्तै कारणले उनीहरू कुनै पनि स्वरूपको आन्दोलनका लागि एकसाथ कार्य गर्न पुग्छन् । उदाहरणका लागि, जब एक युवा महिलामाथि नयाँ दिल्लीमा डिसेम्बर २०१२ मा यात्रुबाहक बसमा बलात्कार भयो र हत्या पनि गरियो

## आन्दोलनको घनत्वमा विविधता

### सञ्जाल-कार्य

वृहत् विषय जसमा विभिन्न प्रकारका व्यक्ति, संस्था र आन्दोलनको सहभागिता हुन्छ, धेरै क्षेत्रमा अभियान चलाइन्छ, विशेष अवसरमा मात्र एकसाथ गतिविधि चलाइन्छ- उदाहरणका लागि वातावरण, आर्थिक न्याय वा शान्ति सञ्जाल-कार्य ।

### खुला आन्दोलन

विशेष मुद्दा/ लक्ष्यमा विभिन्न क्षेत्र, भूगोल र मुद्दा, वृहत् विषय, बैठक र अवर पारेर एकसाथ गतिविधि चलाइने ।

### बलियो ढंगले आयोजना गरिएका आन्दोलन

विशेष क्षेत्र, विशेष लक्ष्य, विषय र भूगोल, निरन्तर बैठक तथा गतिविधि सञ्चालन ।

तब भारतभर महिला समूह तथा युवा संगठनहरूले मैनबत्ती जुलुस र प्रदर्शन गरेर विरोध जनाए । २०१८ मा बंगलादेशमा पनि त्यस्तै भयो, हजारौं महिला ढाकाको सडकमा उत्रिएर यौनिक उत्पीडन तथा हिंसाको विरोध गरे ।

अन्तर्राष्ट्रिय वा विश्वव्यापी स्तरमा आन्दोलन खुला किसिमकै हुन्छ, यसमा व्यक्ति, संस्था र अन्य आन्दोलन र सञ्जालले पनि सहभागिता जनाइरहेका हुन्छन् । यस्तो अवस्थामा ठूलो परिवर्तनका विषय, परिवर्तनका भिन्न प्रकारका रणनीतिको प्रयोग भइरहेको हुन्छ, तरपनि एउटा पक्ष भने छुट्दैन– निर्धारित लक्ष्यका लागि समान प्रतिवद्धता भने कायम रहन्छ, आकस्मिक रूपमा संयुक्त कदम चाल्ने काम हुन्छ । महिला तथा किशोरीविरुद्ध हुने हिंसाको अन्त्यका लागि विश्वव्यापी आन्दोलनको एउटा राम्रो उदाहरण उर्लदो सय करोड अभियान पनि हो । हरेक वर्ष विश्वका हरेक कुनामा फेब्रुबरीको १४ तारिकका दिन आन्दोलनलाई सघाउन व्यक्ति र संस्थाका प्रतिनिधिहरू सडकमा उत्रिन्छन् र सबैको ध्यानाकर्षण गर्दछन् (उदाहरणका लागि सडकमा ठूलो जमात नृत्य गर्दछ), प्रभाव देखाउनु उनीहरूको उद्देश्य हुन्छ । यहाँ प्रस्तुत डायग्राममले ‘कसिलोपन’ वा ‘खुलापन’ को विभिन्न स्तरको आन्दोलन देखाउँछ, यसबीच पनि खुला र बन्दका विभिन्न स्तर र पिंढी हुन्छन् भनेर बुझ्नु आवश्यक छ ।

खुला आन्दोलनलाई कहिले काहीं ‘सञ्जाल–कार्य’ पनि भनिन्छ, यसको अर्थ हो अभियानको तरंग खुला हुन्छ तर उनीहरूले एकसाथ उभिएर समय–समयमा अभियान चलाइरहेका हुन्छन् । यसमा परिवर्तन गर्न चाहेको विषय वृहत् हुन्छ, उदाहरणका लागि महिला अधिकारको सुरक्षा वा लैङ्गिक समानताको प्रवर्द्धन । वातावरण आन्दोलन, श्रमिक आन्दोलन, आर्थिक न्यायिक आन्दोलन, मानवअधिकार आन्दोलन सबै विश्वव्यापी ‘सञ्जाल–कार्य’ हरू हुन्, यसमा व्यक्ति, संस्था, आन्दोलन, श्रमिक संगठन, विद्वान र अनुसन्धानकर्ता र विभिन्न प्रकारका सञ्जाल तथा संगठनहरूले भाग लिइरहेका हुन्छन् ।

# ६

# अनलाइन आन्दोलन कसरी फरक छ ?

अनलाइन तथा धरातलीय आन्दोलनका बीच रहेका सिमाना प्रष्ट छैनन्, पूर्णतः धूमिल छन् ।





## भर्चुयल आन्दोलन के कारणले फरक छ ?

यो एक महत्वपूर्ण प्रश्न हो, हामीले फेसबुक र ट्युटरजस्ता अनलाइनमा विभिन्न विषयमा आन्दोलन चलाइएको देख्छौं । हामीले जब यसको विश्लेषण गर्छौं, धेरै अनलाइनले उस्तैखाले विधि अपनाएको पाउँछौं, कुनै व्यक्ति वा व्यक्तिहरूको समूहले कुनै मुद्दा फेला पार्छन्, समस्या देख्छन् वा अन्याय भएको ठान्छन् तब उनीहरुले त्यस प्रकारको कार्य रोकिनुपर्छ/ परिवर्तन हुनुपर्छ भन्ने सोचका साथ अनलाइनमा सन्देश वा अभिव्यक्तिहरू पोस्ट गर्छन् । प्रायः अनलाइन अभियन्ताहरूले फेसबुक पेज बनाउँछन् वा लोकप्रिय ब्लगस्पेसमा ब्लग लेख्छन्, मुद्दाका बारेमा जनचेतना अभिवृद्धिका लागि ट्युट लेख्छन् र समान सोच भएका व्यक्तिहरूबाट समर्थन प्राप्त गर्छन् । छिटै नै उनीहरूले सयौं हजारौं व्यक्तिहरूबाट उल्लिखित मुद्दाका विषयमा यस प्रक्रियाका माध्यमबाट समर्थन र टिप्पणी प्राप्त गर्दछन् । उनीहरूको विश्लेषण र परिवर्तनका लागि राखिएको मुद्दाले व्यापकता र गहिराइ पाउँछ । छिटै नै, उनीहरूले संयुक्त रूपमा केही गतिविधि गर्ने निर्णय लिन्छन्– यस्ता गतिविधि अनलाइन, वास्तविक मैदानमा वा दुवै स्थानमा हुनसक्छ । उनीहरूले गतिविधि अघि बढाउँदै जाँदा एक पक्षबाट आलोचना खेप्नुपर्ने हुन्छ (यस्तो आक्रमण साइबर उत्पीडन हुनसक्छ, होहल्ला मच्चाउने र अनलाइन गाली गर्ने, वेबसाइट/ फेसबुक नै ह्याक गर्ने वा नचल्ने गराउने हुनसक्छ) । जे भएपनि आन्दोलनकारीलाई केही लाभ भने अवश्य हुन्छ, धेरै समर्थकहरूले आन्दोलनकारीको सरोकारका विषयमा थाहा पाउँछन्, राजनीतिज्ञ, सरकारी निकाय वा संस्थाको प्रमुखजस्ता महत्वपूर्ण पात्रलाई विषयबारे जानकारी हुन्छ र दबाब पनि पुग्छ ।

अब यहाँ निकै लोकप्रियमध्येको एक अनलाइन आन्दोलन– 'मलाई पनि' अर्थात 'मी टू आन्दोलन' को कथाबारे जानकारी हासिल गरौं:

## मी टू आन्दोलन (#METOO MOVEMENT)

मी टू आन्दोलन यौन उत्पीडनविरुद्धको आन्दोलन हो । 'मी टू' शब्दावली सर्वप्रथम यौनिक हिंसामा परेकी अमेरिकाकी अधिकारकर्मी ताराना ब्रुकले २००६ मा सामाजिक सञ्जाल 'माइस्पेस' मा लेखेर सुरु गरेकी हुन् । ब्रुकले आफूमाथि भएको यौनिक उत्पीडन र हिंसा सार्वजनिक गर्दै यस कार्यको विरोध गर्ने निर्णय लिइन्, साथै, आफ्नो अनुभव सार्वजनिक गर्दै अरु आफूजस्तै पीडामा परेका महिलालाई खुला भएर विरोधमा उत्रिन आह्वान पनि गरिन् । यस्तो उत्पीडन मलाई पनि भयो भन्ने अर्थमा 'मलाई पनि' अभियान सुरु भएको हो । खासगरी शक्तिमा रहेको पुरुषबाट हुने यौन हिंसा अन्त्य गर्ने यस अभियानको उद्देश्य रहेको थियो ।

अक्टोबर २०१७ मा जब हलिउडकी प्रसिद्ध अभिनेतृले चलचित्र निर्माताहरूले कला क्षेत्रमा रहेका महिलामाथि गरेको यौन–शोषणको खुलासा गरिन्, तब यस आन्दोलनले ह्यासट्यागका साथ सामाजिक सञ्जालमा व्यापकता पायो । लोकप्रिय अभिनेतृले सबैलाई ह्यासट्यागका साथ मी टू अभियानमा सरिक हुन आ–आफ्नो सामाजिक सञ्जालमा पीडकको विवरणसहित खुलासा गर्न आह्वान गरिन्, तब यस अभियानमा सहभागी हुनेहरूको बाढी नै आयो । विश्वका विभिन्न कुनाबाट लाखौं महिलाले यस आह्वानलाई स्वीकार गरे, यसले मुलुक, संस्कृति, वर्ग, जात, जातीयता, यौनिक पहिचानका सिमानाहरू पार गर्दै सबैतिर पहुँच बनायो । यद्यपि यस आन्दोलनलाई विभिन्न भूभाग र भाषाअनुसार भिन्न नाम दिइयो ।

मी टू आन्दोलनको मुख्य लक्ष्य यौनिक उत्पीडन र हिंसाको मुद्दामा रहेको मौनता तोड्नु थियो, पीडितले खेप्दै आएको आरोप र बोक्दैआएको लज्जाको अन्त्य गर्नुथियो, साथै, उनीहरुले भोग्दैआएको अपमान र हीनताबोध पीडकमा हस्तान्तरण गर्नु थियो, यसका लागि सामाजिक मिडिया र परम्परागत मिडियाको प्रयोग गर्दै यस्ता अपराध र चुनौतीहरूमा सबैको ध्यानाकर्षण गर्नु र कारबाहीका लागि राज्यलाई चुनौती दिनु थियो । तर, यसकी संस्थापक ब्रुक अलि फरक ढंगले यसको उद्देश्य बताउँछिन्, समानुभूतिको भाव विस्तार गर्दै यौन–हिंसामा परेका महिलालाई सशक्तीकरण गर्नु, उनीहरूलाई सुरक्षित स्थान दिलाउनु, आवाज सुनिने बनाउनु, कारबाहीका लागि स्रोत–साधन जुटाउनु र खुलेर आउने महिलाको संख्या बढाएर शक्ति निर्माण गर्नु थियो । खासगरी दमनमा रहेका र सीमान्तकृत सामाजिक समूहका युवा तथा कमजोर अवस्थाका महिलालाई भावनात्मक समर्थन र व्यावहारिक सहयोग गर्ने, पीडितहरूले चाहना नगरेसम्म उनीहरूको परिचय लुकाएर उनीहरूको पीडा मात्र बाहिर ल्याउने काम यस अभियानले गर्नेगर्दछ ।

यौनिक उत्पीडनका विषयमा सञ्चार माध्यमहरूमा व्यापक स्थान प्राप्त भएपछि उच्च ओहदा र प्रभावमा रहेका व्यक्तिहरूलाई पनि कानुनी दायरामा ल्याउने वातावरण तयार भयो, दोषी प्रमाणित भएका अत्यन्त कुख्यात व्यक्तिलाई अमेरिकी अदालतले दोषी प्रमाणित गर्दै जेल चलान गरेको घटनाको आधार पनि 'मी टू' थियो । यस अभियानमा आफ्ना यौन–पीडाका सन्दर्भहरू समावेश गरेका छन् उनीहरूलाई भौतिक रूपमा समेत धम्कीहरू आइरहेका छन् । यो यौन हिंसाका विषयमा मात्र सीमित नभएर सीमान्तकृत समुदायका महिला र अन्य व्यक्तिको न्यायका लागि यसले भूमिका खेलिरहेको छ ।

**अनलाइन/ भर्चुयल आन्दोलनमा धेरै किसिमका महत्वपूर्ण विशेषताहरू छन् जसलाई अभिलेखमा राख्नु आवश्यक छः**

### नयाँ तथा पुराना चुनौतीपूर्ण मुद्दामा बहस चलाउने स्थान

विचार प्रष्ट बनाउनु, सामाजिक मूल्य–मान्यता बुझ्नु तथा विषयलाई दृष्टिकोण दिनु र विश्लेषण गर्नु, अनि के सही र के गलत हो भनेर विश्लेषण गर्नु आवश्यक छ । खासगरी युवा महिलाका लागि डिजिटल स्पेस महत्वपूर्ण ठाउँ सावित भएको छ । आफ्नै सन्दर्भमा पिल्सिएर मौन बस्न बाध्य वा लाञ्छित बनेका व्यक्ति– यौनिक तथा लैङ्गिक अल्पसंख्यक वा यौन व्यवसाय वा अपाङ्गता भएका आदिलाई आवाज वा अभिव्यक्ति दिन अनलाइन माध्यम उपयोगी छ ।

### सम्पर्क स्थापित गर्न र परम्परागत सीमामा ऐक्यवद्धता जनाउन

अनलाइन माध्यमले व्यक्ति–व्यक्तिबीच नयाँ किसिमले सम्पर्क स्थापित गर्न सम्भव बनाएको छ जो यसको आगमन हुनुपूर्व सम्भव थिएन । हिंसामा परेका, कलाकार, गायक, कवि, नयाँ विचार बोकेका व्यक्तिहरू वा एकै प्रकारको विचार बोक्ने तर हजारौं कोस टाढा बसेका व्यक्तिहरूबीच सम्पर्क र ऐक्यवद्धताका लागि अनलाइन माध्यम उपयोगी छ । यसले आन्दोलनकारी बीच सम्वन्ध स्थापित गर्न र आन्दोलनलाई अघि बढाउन माध्यमको काम गर्दछ । ऐक्यवद्धताको पूर्णतः नयाँ स्वरूप सिर्जना गर्न, संयुक्त शक्ति देखाउन र विरोध जनाउन अनि पहिला कहिल्यै सम्पर्कमा नआएका पात्रहरूलाई एकसाथ सरिक गराउन यसले सघाउँछ ।



### 'सदस्यता' र 'साझेदारी' का विभिन्न विचार

भर्चुयल आन्दोलनमा व्यक्तिहरूको संलग्नता विभिन्न किसिमले गर्नसकिन्छ । सबैमा महिला जमातको उदाहरण मात्र मिल्छ भन्ने छैन । निकै थोरै भर्चुयल आन्दोलनले मात्र औपचारिक सदस्यता वितरण गरेर आन्दोलनकारी निर्माण गर्दछ, जस्तो तमिलनाडु मुस्लिम महिला महासंघले गरेको थियो । भर्चुयल आन्दोलन तुलनात्मक रूपमा बढी तरल र खुला हुन्छ, नयाँ सदस्य जसरी सजिलै सहभागी हुनसक्छन् त्यसरी नै पुराना छोडेर जान पनि सक्छन्, यद्यपि आन्दोलन सञ्चालन गर्ने मूल नेतृत्वदायी समूह भने बदलिंदैन, यथावत रहन्छ ।

### संगठन खडा गर्ने र आन्दोलन निर्माण गर्ने नयाँ तरिका

भर्चुयल आन्दोलनका पद्धतिहरू साँच्चिकै मौलिक र सिर्जनात्मक छन् । श्रव्य–दृश्य सञ्चार उपकरणले जनचेतना अभिवृद्धि गर्न र सदस्य वा सरोकारवाला व्यक्तिहरूलाई परिचालन गर्न, रेखाचित्रात्मक अभिव्यक्ति, गीत, तस्वीर र चलचित्र, व्यक्तिगत परिचयात्मक विवरण आदि प्रस्तुत गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

‘अनलाइन’ र ‘अन–ग्राउण्ड’ (धरातलीय) आन्दोलनबीच फरक देखिन्छ । आन्दोलन प्रायः खास समयमा मात्र सक्रिय हुन्छन्, कुनै विन्दुमा उनीहरू ‘अन–ग्राउण्ड’ आउँछन् वा नआउन पनि सक्छन् । उदाहरणका लागि मी टू आन्दोलनलाई नै हेरौं, विश्वमा सयौं यौन उत्पीडन र बलात्कारका मुद्दाहरू धरातलमै आएर अदालत पुगेका हुन्, पीडित–प्रभावितहरूबाट जुलुस र विरोध प्रदर्शनहरू भए, सरकारलाई कारबाही चलाउन दबाब दिइयो भने आम नागरिकलाई समर्थनका लागि आह्वान गरियो । आम व्यक्तिको सचेतना बढाउने र उनीहरूलाई हस्तक्षेपका लागि बाहिर ल्याउने, सार्वजनिक स्थानमा यौन हिंसा भएको देख्ने साक्षीहरूलाई ‘दर्शक’ का रूपमा सहभागी गराउने, सबै उमेरका व्यक्तिलाई सरिक गर्ने, सडकमा ‘कब्जा’ जमाउन र सार्वजनिक स्थानमा हिंड्दा कुनै किसिमको उत्पीडन र डरविना हिड्न सकियोस् भन्ने सन्देश दिन प्रदर्शन गर्ने कार्य धरातलीय आन्दोलनका अहिंसात्मक गतिविधि हुन् ।





**“इन्टरनेट आन्दोलन निर्माणको शक्तिशाली क्षेत्र भएको छ, खासगरी प्रकटमा नआएका र चुपचाप बसेका व्यक्तिलाई विभिन्न किसिमका सिमानाहरू पार गर्दै आन्दोलनमा सरिक गराइन्छ, मुद्दालाई अघि बढाइन्छ ।”**

## ढाबाका किशोरीहरूः सामाजिक अवधारमा परिवर्तन ल्याउँदै

पाकिस्तानस्थित ढावाका युवा महिलाहरूको आन्दोलन विभिन्न शहरमा एकसाथ फैलिएको थियो । सडक छेउका भोजनालय (जसलाई ढाबा भनिन्छ) का किशोरीहरूले सञ्चालन गरेको यस आन्दोलनको उद्देश्य सार्वजनिक स्थानमा महिलालाई कलङ्कित गर्ने पुरुषको व्यवहारविरुद्ध केन्द्रित थियो । किशोरीहरूले भोजनालयका भित्तामा २०१५ मा पोस्टर टाँसेर पुरुषद्वारा हुने आपत्तिजनक व्यवहारको विरोध गरे, र त्यही सामग्री सामाजिक सञ्जालमा पनि राखे, अरु महिलालाई पनि हृयासट्याग दिएर ‘ढाबाका किशोरीहरू’ मा सामग्री राख्न आह्वान गरे । दक्षिण एशियामा भेलाहरू आयोजना भए, धरातलीय कार्यक्रमहरू सम्पन्न गरिए । कराँची, लाहोर र इस्लामाबादका सडकमा क्रिकेट खेल्नेदेखि मोटरसाइकल कुदाउनेसम्मका प्रदर्शन गरिए । २०१८ को मार्चमा अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा ढाबाका किशोरीहरूले ‘औरत मार्च’ को आयोजना गरे । तर, परम्परावादी जमातले यस क्षेत्रको संस्कार र मूल्य–मान्यताविरुद्ध काम गरियो ‘असल केटीहरू’ ले घरमै बस्नुपर्छ भन्दै आलोचना गरे ।

# ७


# हामी आन्दोलनको मूल्याङ्कन कसरी गर्छौं ?

आन्दोलनको समीक्षाका लागि समय-समयमा केही कदम पछाडि फर्केर हेरिएन भने त्यसको प्रगति र गति कस्तो होला ?

# आन्दोलनको मूल्याङ्कन र आन्दोलन निर्माण कार्य

हामी कसरी आन्दोलन निर्माण कार्यको समीक्षा गर्छौं ? अल्पकालीन परियोजना चलाउने, वा महिला साना ऋण कार्यक्रम वा कानुनी सहायता वा स्वास्थ्यो पचारजस्ता लैङ्गिक समानताका लागि आयोजना गरिने गतिविधिभन्दा निकै फरक छ– यसका लागि भिन्न अवधारणा र शैली हुनुपर्छ । परिणाममा भन्दा कारणमा केन्द्रित भएर समीक्षा गरिनुपर्छ । आन्दोलनका मुद्दाहरु लैङ्गिक विभे दका जरा कारणमा केन्दित छन् वा छैनन् भनेर हेरिनुपर्छ । क्रियाकलापमा मात्र केन्द्रित भएर मात्र हामी आन्दोलन निर्माण प्रक्रिया बुझ्न सक्तैनौं, भिन्न चरण र प्रक्रियाको अनुशरण गर्नुपर्छ । आन्दोलन निर्माणका लागि आफ्नै क्षमता र प्रगति तथा यसका वास्तविक चरणको विकास गर्ने सबलताको गहिराइ मापन गर्नुपर्छ । त्यसैले, जब हामी आन्दोलन निर्माण गर्छौं वा त्यसको नेतृत्व गर्छौं– समय–समयमा पछाडि फर्किएर हेर्नु आवश्यक हुन्छ ।

***आन्दोलनको सन्दर्भलाई हामीले दुई भिन्न पक्षबाट समीक्षा गर्नुपर्छ, यसका लागि देहायको चित्र हेरौं:***




यो कार्य गर्नका लागि हामीलाई सघाउने यहाँ विभिन्न संरचना र उपकरणहरू उपलब्ध छन् । यस खण्डमा मूल्याङ्कनका लागि दुवै पक्षमा सघाउने केही संरचना र उपकरण यहाँ प्रस्तुत गरिन्छः

१ **आन्दोलन निर्माण प्रक्रियाको मूल्याङ्कनः** आन्दोलन निर्माण (यस पुस्तिकाको पृष्ठ ७६ मा पहिला नै व्याख्या गरिएको छ) का विभिन्न 'चरणहरू'को प्रयोग गर्नुहोस्, र कुन चरण पूरा भयो वा बेवास्ता गर्नुभयो हेर्नुहोस्, अथबा सबै दोहोऱ्याएर समीक्षा गर्नुपर्छ भने गर्नुहोस् । यस खण्डमा, सजिलोका लागि हामीले चरणहरूका आधारमा प्रश्न बनाएका छौं, त्यसले हामीलाई आन्दोलन निर्माणमा हामी कहाँ छौं भनेर मूल्याङ्कन गर्न सघाउनेछ ।

२ **आन्दोलनको विकासका विभिन्न चरणहरू बुझ्न र परिपक्वताको स्तर जाँच्नः** हाम्रो आन्दोलन कुन स्तरमा छ भन्ने जानकारी लिन र अगाडिको चरणमा पुग्न के गर्नुपर्छ भनेर बुझ्न र प्रगति मापन गर्न हामीलाई जास *(JASS)* 'हामी उठ्छौं' आन्दोलन निर्माण उपकरणले सघाउँछ । उपकरणका लागि हेर्नुहोस्:

*https://werise-toolkit.org/en/toolkit*

३ **आन्दोलनको स्तर र सवलताको मूल्याङ्कनः** महिला अन्तर्राष्ट्रिय कोष *(Global Fund For Women)* ले विकास गरेको आन्दोलन निर्माण क्षमता मूल्याङ्कन उपकरण जो यस पुस्तिकामा त्यसका धेरै अवधारणाहरूको व्याख्या पनि गरिएको छ, खासगरी त्यसका दुई मुख्य खण्ड यहाँ उल्लेख गरिएको छ, उपयोगी छन् । मूल्याङ्कन अवधारणाका लागि हेर्नुहोस्:

*https://www.globalfundforwomen.org/mcat/#download-tool*

## आन्दोलन निर्माण प्रक्रियाको मूल्याङ्कनः आन्दोलन निर्माणमा विभिन्न 'चरणहरू' को प्रयोग

१. न्यायको अनुभूति

२. अभिप्रेरित, प्रतिवद्ध नेतृत्व

३. भेला भएर अन्यायका बारेमा छलफल गर्ने स्थानको विकास

४. परिवर्तनका लागि प्रारम्भिक मुद्दाको स्वरुप निर्माण

५. चेतनाको विकास, परिचालन तथा मुद्दासँग सम्बन्धित अन्य प्रभावितलाई संगठित गर्ने

६. नेतृत्वको आधार विस्तार गर्ने

## आन्दोलन निर्माण चरण १

७. रणनीतिको पहिचान तथा कार्यान्वयन र परिवर्तनका लागि गतिविधि

८. प्रभाव विस्तार तथा प्रतिक्रिया

९. लाभ प्राप्ति

१०. सहभागिता विस्तार तथा व्यवस्थित व्यवस्थापन


११. अवस्थाको नयाँ विश्लेषण निर्माण

१२. परिवर्तनको मुद्दामा अझै गहिराइसम्म पुगेर विश्लेषण, नयाँ रणनीति र काम गर्ने क्षेत्रको पहिचान

# १.

## आन्दोलन निर्माणमा पूरा गरिएका चरणको अनुगमन

आन्दोलन निर्माण प्रक्रियाका चरणको मूल्याङ्कन गर्ने कार्य तुलनात्मक रूपमा सरल छ तर, आन्दोलनको सबलता र परिपक्वता हेर्न चाहिं त्यति सजिलो छैन । मूल्याङ्कनका लागि 'चरण' रेखा–चित्रको प्रयोग गर्नुहोस्, आन्दोलन निर्माणको कुन चरणमा पुग्नुभएको छ, यी चरण पूरा गरिसकेपछि कति चक्र दोहो-याएर हेर्नुभयो– छलफल गर्नुहोस् । आन्दोलन निर्माणको पहिलो चरणमा तपाईं कहाँ पुग्नुभयो हेर्नका लागि यो रेखाचित्र प्रयोग गर्नुहोस् र कुन चरण पूरा गर्नुभयो दाँजेर हेर्नुहोस् र कस्ता समस्याको सामना गर्नुपऱ्यो, अथवा तपाईं कहाँ पुगेर रोकिनुभयो र अर्को चरणमा पुग्न तपाईंलाई के कुराले सघायो ? यसो गर्नका लागि, तपाईंले हरेक चरणमा एक वा एकभन्दा बढी प्रश्न बनाउनुपर्छ– चरणहरूलाई कसरी प्रश्नमा रूपान्तरित गर्ने भन्ने जानकारीका लागि केही उदाहरण दिइएको छ, जसले तपाईंलाई तपाईंको आन्दोलन निर्माण प्रक्रिया मूल्याङ्कन गर्न सघाउनेछ ।



**चरण १** का लागि प्रश्न 'अन्यायमा परेका व्यक्तिहरूमध्ये कतिले साँच्चिकै यो अन्याय हो भन्ने बुझेका छन् ? अन्यायका बारेमा बोल्ने पहिलो व्यक्ति को हो ?' हुनसक्छ ।

**चरण २** का लागि प्रश्न 'प्रभावित मध्येबाट वा उनीहरूसँग काम गर्ने व्यक्तिबाट कम्तीमा केही व्यक्तिहरू आन्दोलनका मुद्दासँग सम्बन्धित अरु व्यक्तिलाई सहभागी गराउन पर्याप्त मात्रामा सबल र समर्पित छन् ? छन् भने ती व्यक्ति को हुन् ?' हुनसक्छ ।

**चरण ३** समस्याबाट प्रभावित व्यक्तिहरूका लागि नियमित भेटघाट गर्न र यस विषयमा कुराकानी गर्न ठाउँ बनाइयो ? यो ठाउँ समस्यासँग सरोकार राख्ने व्यक्तिहरूलाई भेला हुन र छलफल चलाउनका लागि पहुँचमा छ, सुरक्षित र समावेशी छ ?

**चरण ४** आन्दोलनको गतिविधिले कुन सकारात्मक परिणाम दियो ? आन्दोलन चलाउने व्यक्तिहरूले यसबाट कसरी लाभ पाए वा उनीहरूले के सकारात्मक परिवर्तन अनुभव गरे ?

# आन्दोलन निर्माण
## चरण २

जब आन्दोलन निर्माणको पहिलो चरण पूर्ण रुपले पूरा हुन्छ र आन्दोलन न्यायका लागि समर्पित एक पात्रका रुपमा प्रष्ट रुपमा देखिन्छ, तब आन्दोलनको दोस्रो चरणमा भएका गतिविधिको मूल्याङ्कन प्रारम्भ गरिन्छ, आन्दोलन बढेको छ कि एकै ठाउँमा कुण्ठित बनेर रहेको छ भन्ने जान्ने काम पहिलो खण्डमा हुन्छ । पुनः, हरेक चरणलाई मूल्याङ्कनका लागि प्रश्नमा ढाल्नुपर्छः

**१२.** परिवर्तनको मुद्दामा अझै गहिराइसम्म पुगेर विश्लेषण, नयाँ रणनीति र काम गर्ने क्षेत्रको पहिचान

**१३.** नेतृत्वको बहु-पत्र (खण्डहरु) निर्माण गर्ने

**१४.** सदस्य र नेतृत्वको लागि व्यक्तिगत तथा सामूहिक सुरक्षा उपाय निर्माण/ सबलीकरण

**१५.** सदस्यता विस्तार/ सहभागिता/ आन्दोलनको क्षेत्र

**१६.** अन्य आन्दोलन/ समूह जसले समान लक्ष्य लिएका छन्, सँग एकता बनाउने

**१७.** परिवर्तनका लागि आगामी गतिविधि/ हरु

**१८.** थप लाभ प्राप्ति

**१९.** नयाँ स्वरुपको आलोचनाको सामना/ प्रतिवाद

**२०.** नयाँ रणनीतिको विश्लेषण तथा अवस्थाका बहु-पत्र (खण्डहरु), परिवर्तित विषयलाई थप गहिराइ दिने/ धारिलो बनाउने

# २.

## आन्दोलनमा वृद्धि र परिपक्वताको स्तर मूल्याङ्कन

'स्टेप्स' उपकरणको प्रयोग गरेर पनि आन्दोलनको अभिवृद्धि र परिपक्वताको स्तर मूल्याङ्कन गर्नसकिन्छ, त्यसलाई यस प्रक्रियामा समावेश पनि गरिएको छ । आन्दोलनमा सहभागी भएर यसको वृद्धि, परिवर्तन र परिपक्वताका लागि निर्माण गर्ने र सहभागी हुने व्यक्तिहरू घट्नसक्छन् अथवा कसैको मृत्यु नै पनि भएको हुन्छ ! स्वस्थ आन्दोलनको विकास-क्रम हामी मानवको जस्तै हुन्छ– त्यसको पनि शिशुकाल, बाल्यकाल, वयस्क वा परिवक्य अवस्था हुन्छ र समय वित्तै जाँदा प्रभाव पनि पार्छ, अन्ततः बुढो हुन्छ र मर्छ ।समयसापेक्ष हुनेक्रममा कहिलेकाहीं आन्दोलनको मुद्दा र रणनीतिमा परिवर्तन वा संकुचन पनि देखिनसक्छ । आन्दोलन चक्र घुमिरहे मात्र यसको जीवन अस्तित्वमा रहन्छ, गति रोकियो र उद्देश्यअनुसार काम हुनसकेन वा सदस्यलाई सेवा दिन अक्षम भयो भने मृत्यु हुन्छ ।

वास्तवमा कहिलेकाहीं जब आन्दोलन सफल हुन्छ तब यसको आवश्यकता नै पर्दैन– भारतको स्वतन्त्रता संग्राम अंग्रेज फर्किएपछि अन्त्य भयो, वंगलादेश पाकिस्तानबाट स्वतन्त्र भएपछि स्वतन्त्रताको आन्दोलन सकियो । अरु कतिपय आन्दोलनहरू पराजित भएपछि थन्किए– उदाहरणका लागि नर्मदा बचाऊ आन्दोलन पश्चिमी भारतमा सरदार सरोवर बाँधको निर्माण रोक्न नसकेपछि ३० वर्ष लामो शक्तिशाली आन्दोलन रोकियो, लाखौं व्यक्तिको परिचालन र समर्थन



रहेको त्यस आन्दोलनलाई सानदार रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोग प्राप्त भएको थियो तर पनि असफलतामा टुंगियो ।

विश्वमा सञ्चालित विभिन्न आन्दोलनको अध्ययन गर्दा आन्दोलनको विकास र परिपक्वताका चरणहरू देखापर्दछन्, हरेक चरणका विशेष गुणहरू हुन्छन् । यसलाई खुला गर्नु उपयोगी हुन्छ किनभने हाम्रो आफ्नो आन्दोलनलाई मूल्याङ्कन गर्न त्यसले केही आधारहरू प्रदान गर्दछ, आन्दोलन कुन चरणमा छ त्यसबाट अघिल्लो चरणमा फड्को मार्नका लागि केही संकेत र सिकाइ प्राप्त हुनसक्छ, आन्दोलन अघि बढाउन र परिपक्व बनाउन सघाउ पुग्दछ । यहाँ प्रस्तुत चार वटा रेखाचित्रले हामीलाई आन्दोलनलाई हुर्काउन र परिपक्व बनाउन चार चरणमा के आवश्यक पर्छ भन्ने आधारभूत जानकारी दिएका छन् । यी चरणहरूले प्रारम्भिक चरणमा रहेका आन्दोलनहरू असफल भए भन्ने सावित गरे भन्ने चाहिं होइन, न त पछिल्ला चरणमा हुनेहरू सफल भए भन्ने नै हो । यसले हामीलाई केबल हामी कहाँ छौं, हामी कहाँ जान चाहन्छौं अथवा हामी आफ्नो यात्रा नै रोक्न चाहन्छौं– त्यसको मार्गनिर्देशन हासिल गर्न सघाउँछ ।


## चरण १
# निर्माणका क्रममा आन्दोलन

- सम्बोधन गर्नुपर्ने मुद्दा/ अन्याय सुस्पष्ट छ ।
- आवश्यक परिवर्तनका लागि प्रतिवद्ध नेतृत्व/ सदस्यहरूको भित्री समूह छ ।
- प्रभावित व्यक्ति परिचालित छन्, उनीहरूको चेतनास्तर माथि उठ्दैछ, लक्ष्यका लागि समर्पित व्यक्तिका रूपमा उनीहरूको नयाँ परिचय बनेको छ ।
- मुद्दा/ अन्यायको विश्लेषण भएको छ, जरा–कारण पत्तालगाइएको छ र प्रारम्भिक लक्ष्य/ परिवर्तनको मुद्दा देखापरेको छ ।
- प्रभावित व्यक्तिहरू नियमित रूपमा भेला हुन्छन्, यस्तो भेलालाई एक किसिमको संरचनागत स्वरूप प्रदान गरिएको छ ।
- केही प्रारम्भिक परिवर्तनका लागि गतिविधिको प्रयास हुँदैछ ।




## चरण २
# प्रकट हुँदै आन्दोलन

- स्थायी सदस्यता, मुद्दा/ अन्यायबाट प्रभावित सदस्यमा उच्च सचेतना र बुझाइको अवस्था ।
- आन्दोलनका सदस्यहरूको भेटघाट र छलफलका लागि सुस्पष्ट सांगठनिक संरचनाको सिर्जना गरिँदैछ ।
- परिवर्तन रणनीति विकसित हुँदैछ, परिवर्तनको विषय विस्तृत पारिँदैछ र अन्यायको गहिरो जरा समाउने प्रयास हुँदैछ ।
- आन्दोलनको सांगठनिक संरचना विकसित हुँदा, नेतृत्वको नयाँ पत्र र निर्णय प्रक्रियाको सुस्पष्टता तथा आन्दोलनको व्यवस्थापकीय पक्ष विकसित हुन्छ ।
- आन्दोलन अब आफ्नो लक्ष्य पूर्ति गर्न सघाउने बाहिरिया सहयोगी वा समान परिवर्तनका मुद्दामा काम गर्नेहरूका साथ सम्बन्ध स्थापित गर्ने चरणमा पुगेको छ ।
- आन्दोलनले सामाजिक दृष्टिकोण, सार्वजनिक अवधारणा, नीति, कानुन र सदस्यहरूको आफ्नै समुदाय आदिमा प्रभाव पार्दैछ ।
- परिणाम स्वरुप, आन्दोलनले आक्षेप र आलोचनाको सामना गर्न सुरु गरेको छ ।




## चरण ३
## परिपक्व आन्दोलन

- बलियो र स्थायी (तर यथास्थिति होइन) सदस्यतामा आधारित आन्दोलनलाई सचेत ढंगले पहिचान गरिएको छ ।
- सबल स्वायत्त सांगठनिक तथा व्यवस्थित संरचना ।
- विस्तारित तथा गहन नेतृत्व ।
- जटिल रणनीति, स्थायी सक्रियतावाद ।
- गहन तथा बहुआयामिक राजनीतिक विश्लेषण, रणनीति तथा दीर्घकालिक परिवर्तनको मुद्दा ।
- देशभित्र र देश बाहिरकाराष्ट्रिय पात्रहरु तथा विस्तारित समाजमा उच्च परिमापनयोग्य प्रभाव परेको ।
- आन्दोलनले दीर्घकालिक साझेदार मात्र कमाएको होइन, केही शत्रु पनि बनाएको छ ।



## चरण ४
## स्थिर/ मर्दैगरेको आन्दोलन

- यथास्थितिमा रहेको वा घट्दैगरेको सदस्यतामा आधारित ।
- आन्दोलनको परिवर्तनको मुद्दा यथास्थितिमा छ, अपरिवर्तनशील छ, यसको विश्लेषण/ मुद्दा समयसापेक्ष छैन, सान्दर्भिकता सकिएको र अनावश्यक आह्वान गरिएको छ ।
- आन्दोलनको रणनीति बासी, अपर्याप्त वा घट्दो प्रभावको छ ।
- आन्दोलन राजनीतिक/ आर्थिक/ सामाजिक वातावरण र यसले सिर्जना गरेका नयाँ चुनौतीलाई ध्यान दिन अक्षम छ ।
- यी सबै समस्याहरू प्रायः यथास्थितिवादी नेतृत्व जसले, नयाँ व्यक्ति, नयाँ विचार र नयाँ आवाजलाई बाहिरै राख्ने गर्दछ, त्यस्ता प्रवृत्तिका कारण सिर्जना भएका हुन् ।
- अन्य नयाँ आन्दोलनले लोकप्रियता हासिल गरेको, बढी समसामयिक मुद्दा उठाएको, विश्लेषण गरेको, रणनीति बनाएको र नेतृत्व दिएका कारण पुरानो आन्दोलन कमजोर हुनसक्छ ।



# आन्दोलन निर्माणका चार चरण: जास संरचना

आन्दोलन विकासका चरणहरुको समीक्षा गर्ने अर्को पद्धति जास[8] संरचनाको प्रयोग[9] हो ।




[8] www.justassociates.org
[9] https://werise-toolkit.org




**यी चार चरणहरूले केका बारेमा व्याख्या गर्छन् र हाम्रो अगाडिको रेखाचित्रमा त्यसलाई कसरी समावेश गरियो भन्ने विषयमा जानकारी हासिल गरौं:**

१ **उभिनु** (आन्दोलन चरण रेखाचित्रमा १–४ चरण) मा व्यक्ति अथवा व्यक्तिहरूको समूहले कुनैपनि अन्यायविरुद्ध उभिने निर्णय लिन्छन्, नेतृत्वको पनि चयन हुन्छ जसले भेला हुने ठाउँ र समय निर्धारण गरेर सबैसमक्ष मुद्दाका विषयमा छलफल गर्दछ, परिवर्तनको प्रारम्भिक विषयको स्वरूप निर्माण गरिन्छ ।

२ **निर्माण** (आन्दोलनको चरण रेखाचित्रको चरण ५ र ६) मा परिवर्तनका लागि तोकिएको मुद्दासँग सम्बन्धित अन्यायबाट प्रभावित व्यक्तिहरूको वृहत् भेला गरी परिचालन गर्ने, प्राथमिकीकरण र रणनीति निर्माण गर्ने कार्य हुन्छ ।

३ **खडा** (चरण ७, ८, ९ र १०) मा आन्दोलनका सदस्यहरू परिवर्तनका लागि गतिविधि गर्न खडा हुन्छन् । लक्ष्य प्राप्तिका लागि प्रदर्शनको गतिविधि गर्नु गम्भीर पक्ष हो । संगठित प्रदर्शनमा प्रतिवाद र आलोचना हुन्छन् त्यसको सामना पनि गर्नुपर्छ, सदस्यता बढाउने, भएका सदस्यको संरक्षण गर्ने र बाहृय व्यक्ति र समुदायबाट समर्थन जुटाउने काम पनि सँगसँगै हुनुपर्छ ।

४ **कम्पन** (चरण ९, ११, १२ र १३) मा आन्दोलनको प्रभावले ‘वस्तुहरू हल्लाउँछ’– सामाजिक मूल्य–मान्यता, सर्वसाधारणको दृष्टिकोण, नीति तथा कानुन, व्यक्तिको सोच तथा व्यवहारसमेत उखेलिनका लागि हल्लिन थाल्छन्, परिवर्तन हुनथाल्छ, यसपछि पुन: ‘खडा’ चरणतिर फर्किने काम हुन्छ ।

**हरेक चरणमा के हुनुपर्छ भन्ने बुझ्नका लागि यहाँ केही उदाहरण प्रस्तुत गरिएको छः**

## उभिनु

**गम्भीर सचेतना तथा साझा मैदानको सिर्जना**

अन्यायबाट निकै नै प्रभावित व्यक्तिहरूले समस्याको पहिचान गर्दछन्, उनीहरू आफ्नो अवस्थाको गम्भीर विश्लेषणका लागि एकसाथ भेला हुन्छन् र वास्तवमा उनीहरूले परिवर्तन गर्न चाहेको के हो त्यसको पहिचान गर्दछन् ।

## निर्माण

**मुद्दा, संगठन र नेतृत्वका विषयमा छलफल**

के प्रभावित व्यक्तिहरू संगठित छन् वा समूहमा उनीहरूले आफूलाई आवद्ध गरेका छन् वा उनीहरू सँगै भैला भएर नियमित बैठक गर्छन् ? उनीहरूले सर्वाधिक चाहेको र सामना गर्नुपर्ने मुद्दा पहिचान गरेका छन् ? उनीहरूले चाहेको परिवर्तनका लागि कुनै नेतृत्व तयार पारेका छन् ?



## खडा

**परिचालन, एकता तथा गतिविधि**

मुद्दा/ अन्यायबाट प्रभावित अन्य व्यक्तिहरूलाई पनि परिचालन गरिएको छ ? आन्दोलनलाई सघाउनसक्ने अन्य समूह र आन्दोलनका साथ सहकार्य निर्माण भएको छ ? लक्ष्य प्राप्तिका दिशामा आन्दोलन र यसका सदस्यहरूले के ठोस गतिविधि सञ्चालन गरेका छन् ?

## कम्पन

**रणनीति, समाधान र स्थायी प्रभाव**

के आन्दोलनमा प्रष्ट दीर्घकालिक रणनीति र समाधानको बाटो निर्दिष्ट गरिएको छ ? के आन्दोलनले कुनै दीर्घकालिक प्रभाव (उदाहरणका लागि नीति, कानुन, सरकारको कार्यक्रम, समुदाय वा विस्तारित सामाजिक दृष्टिकोण र मूल्य–मान्यता) मा परिवर्तन हासिल गरेको छ ?


तपाईं जास *(JASS)* 'हामी उठ्छौं' आन्दोलन निर्माण उपकरण र अन्य थप औजार तथा स्रोत–सामग्री पहिचान गरी डाउनलोड गर्न सक्नुहुन्छ *https://werise-toolkit.org/en/toolkit*

# ३.
# आन्दोलनको सबलता तथा क्षमताको मूल्याङ्कन

अन्त्यमा, हामी महिला अन्तर्राष्ट्रिय कोष[10] ले विकास गरेको आन्दोलन क्षमता मूल्याङ्कन उपकरण (एमसिएटी) प्रयोग गरेर हाम्रो आन्दोलनको विकासको घनत्व परिमापन गर्नसक्छौं । यस पुस्तिकालाई अझ उपयोगी बनाउने उद्देश्यले ती उपकरणलाई यहाँ समेटिएको छ । *लक्षित आन्दोलन निर्माण प्रक्रियालाई* दृष्टिगोचर गर्दै यी उपकरण यहाँ समेटिएका हुन् ।

एमसिएटी प्रयोग गर्नका लागि आन्दोलनरत सदस्यहरूबाटै केही व्यक्तिहरू छनोट गरिन्छन्, यसरी छानिएका व्यक्ति आन्दोलनका नेता वा आन्दोलन निर्माणका कार्यकर्ता नै हुनुपर्छ भन्नेछैन, तर यसरी मूल्याङ्कनका लागि छानिएका व्यक्तिहरूले आन्दोलनका विभिन्न पत्र र क्षेत्रको भने प्रतिनिधित्व गरेको हुनुपर्छ । यदि आवश्यक छ भने आन्दोलनभन्दा बाहिरको विज्ञ व्यक्तिलाई सहजकर्ता वा सहयोगीका रूपमा सहभागी गराउन पनि सकिन्छ ।

[10] https://www.globalfundforwomen.org/mcat/#download-tool



**आदर्श रूपमा, सामूहिक अभ्यासका साथ मूल्याङ्क गरिनुपर्छ जसमा सबै सहभागी सँगै बस्छन्, छलफल गर्छन्, हरेक बुँदामा विमर्श हुन्छ र अन्त्यमा कुन बुँदालाई कति अंक दिने भनेर समझदारीमा पुग्दछन् । वैकल्पिक रूपमा हरेक सहभागीले तल दिइएका बुँदाका लागि १ देखि ५ अंकसम्म (१ सबैभन्दा कम र ५ सबैभन्दा बढी) प्रदान गर्दछन् । जब हरेकले व्यक्तिगत रूपमा दिने अंक दिइसक्छन् तब एक वा दुई जना मिलेर औशत अंक[11] निकाल्छन् र सातै प्रमुख आयामहरूमा एक–आपसको तुलना गर्दै आन्दोलनको स्तर पहिचान गर्ने काम हुन्छ ।**

[11] उदाहरणका लागि प्राप्त कुल अंकलाई जति जना मूल्याङ्कनकर्ता वा अंक दिने व्यक्ति छन् त्यतिले भाग गरिन्छ, मानिलिऊँ ‘नयाँ नेता विकास गर्न र सहयोग गर्न सुस्पष्ट पद्धतिको विकास गरिएको छ’ भन्ने बुँदामा कुल अंक ३६ प्राप्त भयो, मूल्याङ्कन टोलीमा ९ जना सदस्य रहेछन् भने औशत प्राप्ताङ्क यस बुँदाका लागि ४ हुनआउँछ ।

## आन्दोलन क्षमता मूल्याङ्कन उपकरण

तल दिइएको व्याख्याका आधारमा तपाईं आफ्नो आन्दोलन/ मूल्याङ्कन गर्नलागेको आन्दोलनलाई कुन स्तरको अंक प्रदान गर्नुहुन्छ ?
१. कत्ति पनि छैन, २. अलिकति, ३. केही हदसम्म, ४. राम्रै, ५. धेरै राम्रो ।

| १. | सवल, स्थायी तथा बहुपक्षीय तृणमूलमा आधारित | औसत अंक |
|---|---|---|
| १.१ | समस्याद्वारा अत्यन्त प्रभावित जनसमुदायको प्रतिनिधित्व गर्ने सदस्यहरूमा आधारित आन्दोलन । | |
| १.२ | आन्दोलनका सहभागीहरूले विभिन्न जनसमुदायको प्रतिनिधित्व गर्छन् । | |
| १.३ | आन्दोलनका लागि गरिने गतिविधिलाई सघाउन सचेत व्यक्तिहरूको जनसमुदाय इच्छुक र तयार छ । | |
| १.४ | आन्दोलनमा सहभागी हुने व्यक्तिका लागि विभिन्न किसिमको अवसर छ । | |
| १.५ | अन्यायका मुद्दाबाट अति नै प्रभावित व्यक्तिहरू एक–आपसमा अन्तरक्रिया गर्छन्, समुदायका अन्य व्यक्तिलाई नेतृत्व दिन्छन् र परिवर्तन प्रक्रियाको स्वामित्व ग्रहण गर्छन् । | |

| २. | नयाँ पुस्तालाई समावेश गरिएको विविधतायुक्त नेतृत्व |
|---|---|
| २.१ | आन्दोलनको नेतृत्व आफैबाट अर्थात अन्यायबाट पीडित (उदाहरणका लागि अपाङ्गता भएका महिलाले आयोजना गरेको र यस्तै अन्य महिलाले सहयोग गरेको वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकले अन्य लिङ्गी व्यक्तिको अधिकारका लागि) व्यक्तिबाट भएको । |
| २.२ | अन्यायबाट अत्यन्त प्रभावित समुदायभित्रबाट नयाँ नेतृत्वको विकास र सहयोगका लागि नयाँ पुस्ता तथा पीडित समुदायलाई प्राथमिकता दिने सुस्पष्ट पद्धति । |
| २.३ | आन्दोलनमा ठूलो परिमाणमा सक्रिय युवा नेता, त्यसमा युवा नेताको योगदानलाई पहिचान गरिएको । |
| २.४ | आन्दोलनको नेतृत्व आवश्यकता र त्यसका सदस्यहरूको नयाँ मागअनुसार खुला र उत्तरदायी । |

## ३. सामूहिक राजनीतिक मुद्दामा छलफल

३.१ आन्दोलनको प्रष्ट दीर्घकालीन लक्ष्य र परिदृश्य छ ।

३.२ आन्दोलनले प्रष्ट रूपमा अल्पकालीन राजनीतिक प्राथमिकता निर्धारण गरेको छ ।

३.३ समस्याको विषयमा सदस्यहरू स्पष्ट छन् ।

३.४ समस्याको सम्भाव्य समाधान के हुनसक्छ भनेर छलफल गरी बुझाइएको छ ।

३.५ लक्ष्य प्राप्तिका लागि आन्दोलनका गतिविधि सञ्चालन गर्ने अवसर आउनासाथ आन्दोलनका सदस्यहरूले सामूहिक रूपमा तत्काले प्रतिक्रिया दिन्छन् ।

३.६ आन्दोलनभित्र र बाहिर संरचना, पुनःसंरचना र मुद्दाका विषयमा जानकारी गराउन आन्दोलन प्रभावकारी छ ।



## ४. सामूहिक रूपमा बहु-रणनीतिको प्रयोग

४.१ आन्दोलनको विषयलाई परिमार्जन गर्न व्यक्ति तथा समूहले बहुआयामिक रणनीति अख्तियार गरेका छन् । रणनीतिमा तृणमूल परिचालन, सार्वजनिक सचेतना निर्माण, उनीहरूको आफ्नै समुदायमा परिवर्तनका लागि सदस्यहरूलाई सेवा प्रदान, नीति विश्लेषण, पैरवी, लबिङ, अदालती उजुरी अभियान, अनुसन्धानजस्ता गतिविधि सञ्चालन ।

४.२ व्यक्ति तथा समूहले समन्वयात्मक तरिकाले भिन्न रणनीति अपनाउँदै आन्दोलनको विषयलाई सघाएका छन् ।

४.३ प्रमाणको सिर्जना गरी रणनीति विकासबारे सदस्यहरूलाई जानकारी दिने कार्यमा समन्वयात्मक योगदान देखिन्छ ।

४.४ आन्दोलनले विभिन्न स्रोता तथा आफ्नै सदस्यहरूलाई उपयुक्त प्रविधि र सञ्चारको प्रयोग गरेर प्रभावकारी ढंगले जानकारी दिन्छ ।

**५. सबल सुदृढ संगठन, प्रभावकारी निर्णय प्रक्रिया संरचना र सञ्चार पद्धतिका कारण बलिया निर्णयहरू भएका र पूर्वाधार निर्माणमा सहयोग पुगेको छ**

५.१ जोडी सिकाइ तथा संयुक्त योजनाका लागि सदस्य तथा समूहलाई एकसाथ खडा हुन पर्याप्त अवसर छ ।

५.२ सदस्यहरूले निर्माण गरेका संगठन र पद्धतिहरू छन् जसले आन्दोलनका सदस्यहरूका साथ निरन्तर समन्वय र सञ्चार गर्दछन् ।

५.३ सुस्पष्ट र पारदर्शी निर्णय लिने प्रक्रिया तथा पद्धति छ जसबारे सबै सदस्य जानकार छन् र यसमा सहभागी पनि हुनसक्छन् ।

५.४ आन्दोलनले विभिन्न चरणमा विभिन्न संगठनहरूलाई मिलाएर समर्थक संगठन र स्रोतव्यक्तिको पहिचान गर्छ जसले आवश्यक परेको बेला आन्दोलनमा साना संगठनहरूलाई उपयुक्त किसिमले क्षमता अभिवृद्धि गराउँछन् ।

५.५ आन्दोलनका लागि आर्थिक स्रोत र संसाधन जुटाउन पैसा उठाउने, व्यवस्थापन र वितरण गर्ने संस्था र समूहको पहिचान गरिएको छ ।

**६. महिला मानवअधिकार रक्षकको सबल सामूहिक क्षमता, उनीहरूको सुरक्षा र संरक्षणको सुनिश्चितताका लागि उनीहरूकै आन्दोलन**

६.१ मानवअधिकार रक्षकविरुद्ध हुने हिंसाको सम्बोधनका लागि उपयुक्त तथा तत्काल प्रतिक्रिया दिने पद्धतिको व्यवस्था गरिएको छ ।

६.२ आन्दोलनले नेता, कार्यकर्ता तथा सदस्यका लागि जोखिमको मूल्याङ्कन गर्ने रणनीतिको स्वरूप निर्धारण (सार्वजनिक ठाउँ/ घटना, उनीहरूकै कार्यालय/ बैठक कक्ष र उनीहरूको घरमा) र यसका सदस्यहरूको भौतिक सुरक्षाको सुनिश्चिता गरेको छ ।

६.३ आन्दोलनले डिजिटल सुरक्षाको सुनिश्चितताका लागि रणनीति बनाउने र सदस्यहरूको अवस्था बुझ्नेगरेको छ ।

६.४ आन्दोलनले आफ्ना सदस्य, कार्यकर्ता र नेताहरूको आराम, उपचार, शारीरिक तथा मानसिक सुरक्षाका लागि प्राथमिकीकरण गरेको र निर्धारित मापन विधि अपनाएको छ ।


## ७. महिला अधिकार समूह तथा अन्य सामाजिक न्यायिक समूहहरूसँग बलियो सहकार्य

७.१ अन्य महिला अधिकार र सामाजिक न्यायमा कामगर्ने संस्थाहरू र समान लक्ष्यका लागि कार्यरत आन्दोलनका साथ आन्दोलनको सक्रिय सहकार्य ।

७.२ आन्दोलनले आफ्नो मुद्दा अघि बढाउन सामाजिक न्याय र मानव अधिकार समूहको सबल संलग्नता तथा सहयोग प्राप्तगर्छ ।

७.३ आन्दोलनले स्थानीय, राष्ट्रिय, क्षेत्रीय वा अन्तर्राष्ट्रिय स्तरमा सञ्चालित सामाजिक न्यायिक तथा महिला अधिकार आन्दोलनबाट सिक्न, सहयोग लिन र सहकार्य गर्न पर्याप्त समय र ठाउँको व्यवस्था गरेको छ ।

हाम्रो आन्दोलनको सबल तथा कमजोर पक्षको मूल्याङ्कनका लागि हाम्रै आन्दोलनको निर्माण कार्य महत्वपूर्ण छ, तर यसका लागि एकदमै उपयुक्त औजार भने छैन । तपाईं आफ्नो आन्दोलनको विशेष सन्दर्भअनुसार माथिका उपकरणमध्येबाट साभार गरेर परिमार्जन गर्दै मूल्याङ्कनका लागि प्रयोग गर्न सक्नुहुन्छ, आफ्नै सिर्जनात्मकता, अनुभव र विचारको प्रयोग गरेर आफ्नै किसिमको मूल्याङ्कन अवधारणा र औजार बनाउन पनि सक्नुहुन्छ । तर तपाईंले त्यसो गर्नुभयो भने पनि पछाडि फर्किएर आफ्नो आन्दोलनको मूल्याङ्कन गर्नुभने अनिवार्य छ– सधैं दैनिक रूपमा गर्नुपर्ने गतिविधिले दिमाग भरिएको छ भने ठीक मूल्याङ्कन हुनसक्तैन, हामी कहाँ छौं र हामी कहाँ जाँदैछौं भन्ने मूल्याङ्कनका लागि एक पाइला पछाडि सरेर हेर्नु आवश्यक हुन्छ ।



**आन्दोलन र आन्दोलन निर्माण प्रक्रियालाई जसले समय–समयमा पछाडि फर्किएर हेर्नसक्तैन त्यसले समीक्षकका रूपमा आफ्नो प्रगति र गतिविधिको मूल्याङ्न गर्न सक्तैन । सही मूल्याङ्कन नभए आन्दोलन कमजोर हुन पुग्छ, दिशा भुल्ने र एकीकृत नहुने अवस्था सिर्जना हुन्छ । यदि त्यसो भयो भने, उनीहरूले गहन प्रभाव पार्न सक्तैनन् र रूपान्तरणको जो सपना उनीहरूले देखेका छन् त्यो पूरा हुनसक्तैन ।**

# श्रीलता बाट्लीवाला

श्रीलता बाटलीवाला हाल लैङ्गिकता, यौनिकता तथा मानवअधिकार (www.creaworld.org) का विभिन्न विधामा कार्यगर्ने अन्तर्राष्ट्रिय संस्था क्रिया (क्रिएटिङ रिसोर्सेज फर इम्पावरमेन्ट इन याक्सन) मा **वरिष्ठ परामर्शदाता, ज्ञान निर्माण** हुनुहुन्छ । साथै, उहाँ समानता तथा समावेशिताको संस्कृति विकासका लागि सहयोग गर्ने लैङ्गिक विज्ञ संस्थाहरूको अन्तर्राष्ट्रिय सञ्जालमा **सेनियर एशोसिएट, जेण्डर एट वर्क** (www.genderatwork.org) हुनुहुन्छ । उहाँ अहिले अभ्यासबाट ज्ञान निर्माण गर्ने र नारीवादी आन्दोलन निर्माण तथा नारीवादी नेतृत्वका माध्यमद्वारा सामाजिक न्यायको नारीवादी अवधारणालाई प्रवर्द्धन गर्नका लागि युवा कार्यकर्ता तथा सामाजिक न्यायका क्षेत्रमा कार्य गर्ने संस्थाहरूको क्षमता अभिवृद्धिमा लाग्नुभएको छ ।

विगत चार दशकदेखि श्रीलताको काम तृणमूल स्तरसम्म अभियान विस्तार गर्नमा केन्द्रित छ । सीमान्तकृत तृणमूल स्तरका महिलाको आन्दोलन निर्माण, अनुसन्धान तथा विद्वत कार्य, नीति पैरवी, सहयोग जुटाउने र विश्वका युवा महिला आन्दोलनको क्षमता अभिवृद्धि गर्ने कार्यमा उहाँ लाग्नुभएको छ । ९० को दशकको आधाआधिसम्म २० वर्षभन्दा अधिक समय उहाँ भारतको तृणमूल क्षेत्रमा कार्यरत हुनुहन्थ्यो । उहाँले मुम्बई (बम्बई) र दक्षिण भारतको कर्णाटक राज्यस्थित पछाडि पारिएका जिल्लामा आन्दोलन निर्माणको लामो अनुभव सँगाल्नुभएको छ । उहाँले सामाजिक–आर्थिक रूपले अत्यन्त सीमान्तकृत ग्रामीण तथा मुम्बईको सुकुम्बासी क्षेत्रमा बसोबास गर्ने दशौं हजार महिलालाई परिचालन गरेर विशाल परिमाणमा सहभागी गराई आन्दोलन निर्माण गर्नुभयो । त्यसपछि उहाँ अमेरिकाको न्युयोर्कस्थित **फोर्ड फाउण्डेसनमा** नागरिक समाज कार्यक्रम अधिकृत (१९९७–२०००) हुनुका साथै विभिन्न अन्तर्राष्ट्रिय संस्थामा आवद्ध हुनुभयो । **हार्भर्ड विश्वविद्यालय**को हाउजर सेन्टर फर ननप्रोफिट अर्गनाइजेसनमा सिभिल सोसाइटी रिसर्च फेलोका रूपमा (२०००–२००७) र २००८ देखि २०१६ सम्म **एडब्लुआईडी** (एशोसिएसन फर उमन्स राइट्स इन डिभलपमेन्ट) मा सह–अनुसन्धानकर्मी भई काम गर्नुभयो । यसअतिरिक्त उहाँले विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय महिलाको अधिकार तथा विकास संस्थाहरूको कार्यसमितिमा रहेर काम गर्नुभएको छ ।

बाटलीवालाले विशेष गरेर महिलाका विषयमा कलम चलाउनुभएको छ र महिला सशक्तिकरणको क्षेत्रमा उहाँको कामलाई निकै सराहना गरिएको पनि छ । उहाँका पछिल्ला प्रकाशनहरूमा *१) शक्ति (अल एबाउट पावर), अभियन्ताहरूका लागि पुस्तिका, २) सशक्तीकरणका लागि सहभागिता* (इन्गेजिङ विथ इम्पावरमेन्ट– एन इन्टेलेक्चुअल एण्ड एक्सपेरियन्टल जर्नी– विमेन अनलिमिटेड, २०१४) र यसकै इबुक प्रकाशन २०१५ छन् । यसमा उहाँले विगत २० वर्षमा लेखेका सामग्रीहरू संकलित छन् ।

बाटलीवाला दक्षिण भारतको नीलगिरी पर्वत र बैंगलोरमा रहेका दुवै घरमा बसेर आफ्नो काम गर्दैआउनुभएको छ । उहाँ सक्रिय महिलावादी एवं चार नातिनातिनाको हजुरआमा हुनुहुन्छ ।

## क्रिया CREA

क्रिया (सिआरईए) २००० मा भारतको नयाँ दिल्लीमा स्थापना भएको **एक महिलावादी मानव अधिकारमा समर्पित संस्था** हो। ग्लोबल साउथमा रहेको थोरै अन्तर्राष्ट्रिय महिलाका अधिकारसँग सम्बन्ध संस्थामध्ये यो एक हो। यसको नेतृत्व दक्षिण भारतका महिलावादीहरूले गरिरहेका छन् जसले तल्लो स्तरदेखि, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरसम्म काम गर्ने गर्दछ।

क्रियाको परिकल्पना भनेको **अझ बढी न्यायिक एवं शान्त विश्व**को स्थापना हो जहाँ सबै व्यक्तिले प्रतिष्ठा, सम्मान एवं समानता पाउँछन्। क्रियाले नारीवादी नेतृत्व विकास गर्दछ, महिलाका मानव अधिकारका कुरा उठाउँछ, एवं सबै मानिसको यौन तथा प्रजनन स्वतन्त्रताको अभिवृद्धिका लागि काम गर्दछ।

## समिति

अन्तिम सम्पादनः विशाखा दत्ता
साजसज्जाः रूपिन्दर कौर – दालचीनी
मुद्रणः जी.आर. प्रिन्टिङ प्रेस

भाषाः मीना शर्मा
अनुवादः कपिल काफ्ले

## आभार

क्रिया प्रस्तुत सामग्रीको प्रकाशनका लागि ग्लोबल फण्ड फर विमेन (महिला अन्तर्राष्ट्रिय कोष) लाई उत्पादनमा सहयोगका लागि आभार प्रकट गर्दछ।

अविड (विकासमा महिलाको अधिकारका लागि संगठन) ले यस पुस्तिकाको भित्री अंगका रुपमा रहेको महिला आन्दोलनको अवधारणा र अभ्यासका विषयमा लेखकको प्रारम्भिक कामका लागि सहयोग गरेको छ।

विश्वका विभिन्न स्थानमा नारीवादी आन्दोलन निर्माण गरेका विचारक तथा सबै अभियन्ता जसले संघर्ष गर्नुभएको छ, उहाँहरुको विचारले पनि यस पुस्तिकाको तयारीका लागि योगदान दिएको छ।

क्रियाको नारीवादी नेतृत्व तथा सहकर्मीहरु जसले सन् २००८ देखि २०१७ सम्म आन्दोलन निर्माण तथा अधिकारवादी संगठनमा सहभागी भएर काम गरे, उनीहरुको जिज्ञासा, प्रश्न तथा ज्ञानले यस पुस्तिकाको अवधारणा तथा विश्लेषणमा लेखकलाई प्रस्ट दृष्टिकोण बनाउन सघाएको छ।